CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीसन्तोषीमाता

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विद्वान् श्री नवराज कोइराला ज्यूमा
अर्पित - काशीनाथ
२०६८।६।१९

श्रीसन्तोषीमाता

व्रतकथा

काशीनाथ न्यौपाने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

❋ श्रीसन्तोषीमाता व्रतकथा

Sri Santosimata Vratakatha

❋ Author Dr. Kashinath Nyaupane

Email : kashinathguru@gmail.com

☎ : (00977) 9841356129

❋ First edition 2010

❋ 1000 Copies

❋ **Printed in Nepal by** Vision Offset Printing Press,
Bhimsengola, Kathmandu.

❋ **Computer type setting** : Pradip Prasad Dhungana
Sitapaila-1, Kathmandu.

❋ **Published by** :
Nepal Sanskrit Academy
Kathmandu, Nepal.
नेपाल-संस्कृत-प्रतिष्ठानम्
काष्ठमण्डपो नेपालः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकाशकीय

'श्रीसन्तोषीमातृचरितम्' नामक श्रीसन्तोषीमाता व्रतकथाको अपूर्व पुस्तक प्रकाशन गर्न पाउँदा हामीलाई अपार हर्षको अनुभव भएको छ।

आजसम्म श्रीसन्तोषीमाताको एउटा कथा मात्र प्रचलित छ र त्यसै कथाका माध्यमद्वारा असङ्ख्य भक्तहरू मताको आराधना गरिरहेका छन्। त्यो कथा सत्य हो र एकजना भक्तको अनुभव हो। अब त्यस कथा बाहेक पनि धेरै कथाहरू यस पुस्तकका माध्यमबाट भक्तहरूका माझमा प्रकाशित भएका छन्।

श्रीसन्तोषीमाता स्वयं विराट्स्वरूपिणी हुनुहुन्छ र असङ्ख्य भक्तहरूसँग असङ्ख्य अनुभवहरू छँदै नै छन् तर ती कथा र अनुभवहरू अहिलेसम्म प्रकाशमा आएका भने छैनन्।

यो पुस्तक अत्यन्त अद्भुत छ, यहाँ भएका सबै कथाहरू नवीन छन् र प्रामाणिक पनि । श्रीसन्तोषीमाताका असङ्ख्य भक्तहरूमा यो पुस्तक पुऱ्याउनका लागि नै हामीहरुरू प्रयासरत छौं। माताका कृपाले अवश्य पनि पुस्तक भक्तहरूका हातमा पुग्ने नै छ- साथै यस पुस्तकको हिन्दी र अंग्रेजी संस्करणहरू पनि छिट्टै नै भारतबाट प्रकाशित हुँदैछन्।

यस पुस्तकको प्रकाशनका लागि आर्थिक सहयोग गर्नुहुने उदार चरित्र भएका महानुभावहरू **श्रीमती यशोदा गौतम, श्रीमती सुवना कार्की, श्रीमती गीता राणा एवं डा.अनिता थापालाई** हार्दिक कृतज्ञता ज्ञापन गर्दै उहाँहरूको उत्तरोत्तर प्रगतिका लागि श्रीसन्तोषीमातासँग प्रार्थना गर्दछु। अन्तमा, भिजन अफसेट प्रेसका सञ्चालक श्री जगदीश लोहनी र प्रेसका अन्य सबै मित्रहरूलाई हार्दिक धन्ववाद ज्ञापन गर्दछु।

प्रेमराज न्यौपाने
सदस्य-सचिव
नेपाल संस्कृत प्रतिष्ठान,
काठमाडौं, नेपाल।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भूमिका

२०६५ साल वैशाख पूर्णिमादेखि ज्येष्ठ पूर्णिमासम्म श्रीसन्तोषीमाताका निर्देशनानुसार सिद्धमाता देवमाया भट्टराईले १ महीना लामो गम्भीर तपस्याका लागि गङ्गोत्तरी हिमालयमा प्रवास गर्नुभयो। त्यसै क्रममा म पनि सहयोगीका रूपमा उहाँसँग नै रहेँ। जगज्जननी सन्तोषीमाता कै निर्देशनमा गङ्गामाताको सेवा-पूजा, मन्दाकिनीको पूजा र अन्य गम्भीर आराधनामा संलग्न हुने अपूर्व अवसर उहाँ कै कृपा र संरक्षकत्वमा उपलब्ध भएको थियो।

त्यसै क्रममा सन्तोषीमाताको उत्पत्ति र उहाँको स्वरूपका विषयमा मैले धेरै प्रकारले जिज्ञासा प्रकट गरेँ। माता देवमायाले ध्यानस्थ भएर मेरा प्रश्नहरू श्री सन्तोषीमाता समक्ष राख्नुभयो र उहाँवाट प्राप्त उत्तरहरूलाई मलाई बताउनुभयो। मैले त्यहीँ नै आधाजति विषयहरूलाई संस्कृतका अनुष्टुप् श्लोकमा लिपिबद्ध गरेको थिएँ। काठमाडौं फर्किएपछि क्रमशः त्यसलाई पूरा गरेँ। त्यसपछि कार्यान्तरमा व्यस्त हुँदा अनुवाद एवं प्रकाशनमा ढिला हुन पुग्यो, अब यो प्रकाशनमा आइपुगेको छ।

यस पुस्तकका विषयहरू सबै नै सन्तोषीमाताका उत्तर हुन् र प्रामाणिक छन्। यहाँ कल्पनावाट केही लेखिएको छैन। यो पुस्तक लेखिसकेपछि सबै नै पूर्णरूपमा माता सन्तोषीलाई मैले आफैँ नै सुनाइसकेको छु र माताले बताएका संशोधनलाई पनि यहाँ समावेश गरिएको छ।

माता देवमायाका विषयमा र उहाँको आराधना र पृष्ठभूमिका विषयमा पुस्तकका अन्तिममा “श्रीनीलकण्ठधामको उत्पत्ति र खोज” शीर्षकमा संक्षिप्तरूपमा प्रकाश पारिएको छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस पुस्तकको सम्पादनको क्रममा डा.सनतकुमार वस्तीज्यूले पूर्ण मनोयोगसँग परिश्रमपूर्वक एक एक श्लोक हेरेर यसलाई परिनिष्ठित वनाउन गंभीर सत्प्रयास गर्नुभएको छ। उहाँको हार्दिक प्रेमपूर्ण कृत्य विना पुस्तक यस रूपमा आउने थिएन नै, उहाँप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु।

यसको टाइप गरेर पुस्तकाकार निर्माण र सम्पादन समेत गरेर ठूलो गुन लगाउनु हुने अति सरल हृदय भएका परिश्रमी मित्र श्री प्रदीपप्रसाद ढुङ्गानालाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

यो पुस्तक लेखिसकेपछि पनि यसको अनुवाद गर्न उपयुक्त ठाउँको अभावले गर्दा कठिनाई भएको थियो। तर उदारचरित महानुभाव श्री जुजुभाई डंगोलले काठमाडौं सार्वजनिक पुस्तकालयमा एउटा छुट्टै प्रकोष्ठको व्यवस्था गरिदिनुभएकोले नै यसको अनुवाद र सम्पादन गर्न सकिएको हो। त्यसैले श्री डंगोलसहित पुस्तकालय परिवारका सबै मित्रहरुलाई हार्दिक धन्यवाद दिदै उहाँहरूका सबै मनःकामनाहरू श्री सन्तोषीमाताले पूरा गरून् यही प्रार्थना गर्दछु।

अन्तमा, यो पुस्तक यहाँहरूका हातमा छ, श्रद्धापूर्वक पढ्नुहुन सादर अनुरोध छ। पुनश्च यो कृति श्री सन्तोषी माताकै निर्देशनमा उहाँकै इच्छानुसार लेखिएको हुनाले अवश्य पनि पाठकवर्गलाई शान्ति र समुन्नति प्राप्त हुने छ। माताको आशीर्वाद यसमा निहीत छ-

काशीनाथ न्यौपाने

आषाढपूर्णिमा- २०६७

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषय-सूची

			पृष्ठ
१.	आद्य-मङ्गलम्		१
२.	ध्यानम्		३
३.	प्रथमोऽध्यायः	कथाप्रस्ताव	६
४.	द्वितयोऽध्यायः	मातृस्वरूपदर्शन	१०
५.	तृतीयोऽध्यायः	मातुराविर्भाववर्णन	१४
६.	चतुर्थोऽध्यायः	व्रतविधिकथन	२१
७.	पञ्चमोऽध्यायः	व्रतप्रभाव	२४
८.	षष्ठोऽध्यायः	वरप्रदान	२६
९.	सप्तमोऽध्यायः	मातृकपावर्णन	२९
१०.	अथाष्टमोऽध्यायः	वैष्णवीदेवीवर्णन	३४
११.	नवमोऽध्यायः	सुलोचनाशापवर्णन	३८
१२.	दशमोऽध्यायः	राजपुत्रीपाणिग्रहण	४१
१३.	एकादशोऽध्यायः	शापविमोक	४७
१४.	द्वादशोऽध्यायः	ब्राह्मणवरप्राप्ति	५१
१५.	त्रयोदशोऽध्यायः	पुत्रव्याधिवर्णन	५३
१६.	चतुर्दशोऽध्यायः	पुत्रव्याधिविनाश	५७
१७.	पञ्चदशोऽध्यायः	व्रतविधिवर्णन	६१
१८.	षोडशोऽध्यायः	फलश्रुति	६५
१९.	परिशिष्टः	श्री नीलकण्ठधामको उत्पत्ति र खोज	७०
२०.	,,	पूजाविधि	७५
२१.	,,	देव्या आरात्रिकम् (आरती संस्कृत)	७७
२२.	,,	शरणागतिस्तोत्रम्	७८
२३.	,,	सन्तोषीमातृगायत्री	८०
२४.	,,	श्री संतोषी माताजी की आरती (हिन्दी)	८१
२५.	,,	श्री सन्तोषीमाताको आरती (नेपाली)	८२

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीसन्तोषीमातृचरितं नाम

श्रीसन्तोषीमाता व्रतकथा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीसन्तोषीमात्रे नमः

आद्य-मङ्गलम्

विद्महे चैकदन्ताय वक्रतुण्डाय धीमहि ।
सोऽस्मान् प्रचोदयाद् दन्ती ऋद्धिसिद्धिसमन्वितः ॥१॥
षट्कृत्तिकानां दिव्यानां मातृणां परमप्रियः ।
सोऽस्मान् रक्षतु सेनानीः कुमारो हरवल्लभः ॥२॥
प्रसादेन विना यस्या रम्या वाणी कथञ्चन ।
न याति प्रसृतिं शास्त्रे नौमि ताञ्च सरस्वतीम् ॥३॥

आदिमङ्गल

एकदन्त भएका गणपतिलाई हृदयमा धारण गर्दै, वक्रमुख विघ्ननाशक विनायकको म ध्यान गर्दछु, ऋद्धिसिद्धिले युक्त, भगवान् मङ्गल देवता गणेशजीले हामीलाई सधैं प्रेरित गरून्, रक्षा गरून् ।

कृत्तिका आदि छ जना आमाहरूका अत्यन्त प्रिय, भगवान् शिवका प्रेमभाजन, देवसेनाका सेनापति कुमार कार्तिकेयले सधैं नै हाम्रो रक्षा गरून् ।

जसका कृपाबिना रमणीय वाणी शास्त्रमा प्रवृत्त हुँदैन । त्यस्ती विद्याकी अधिष्ठात्री सरस्वती मातालाई नमस्कार गर्दछु ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मातृप्राणत्वमापन्नं श्रीकृष्णाख्यमजं महः ।
राधया सहितं नौमि भवदुःखहरं परम् । ॥४॥
महाकालीं महालक्ष्मीं श्रीमन्माहेश्वरीं सतीम् ।
नमामि श्रद्धया भूयो विश्वमङ्गलहेतवे ॥५॥
चिरञ्जीवित्वमापन्नं सन्तोष्या भक्तपुङ्गवम् ।
नौमि तं ऋषिशार्दूलं लोमशं वदतां वरम् ॥६॥
स एव लोमशो विद्वान् गन्धमादनगह्वरे ।
श्रीमातृध्यानसंसक्तो नित्यं वसति श्रद्धया ॥७॥
तेनैव चरितं सर्वं श्रीसन्तोष्या यथार्थतः ।
प्रचारितमभूल्लोके लोको येन सुखायते ॥८॥

सन्तोषी माताका प्राणस्वरूप श्रीकृष्ण नामक परम तेज, जुन सधैं राधासँगै रहेर जसले संसारदुःखलाई नाश गर्दछ, उहाँलाई म नमस्कार गर्दछु ।

महाकाली महालक्ष्मी एवं माहेश्वरी शक्तिहरूलाई विश्वमङ्गलका लागि बारम्बार नमस्कार गर्दछु ।

चिरञ्जीवी बनेर रहेका सन्तोषी माताका मूल भक्त, वक्ताहरू मध्ये उत्तम, मुनिहरूमा श्रेष्ठ लोमश मुनिलाई नमस्कार गर्दछु ।

तिनै लोमश नाम गरेका विद्वान् ऋषि गन्धमादन पर्वतमा अवस्थित गुफामा श्रद्धापूर्वक माता सन्तोषीको ध्यानमा रहनुभएको छ ।

उहाँले नै यथार्थरूपमा श्री सन्तोषीमाताको चरित्रलाई संसारमा फैलाउनुभएको हो, समग्र जगत् नै जसबाट सुखी भएको छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बुद्धपल्याख्यक्षेत्रेऽस्मिन् स्थितां तां मातृभक्तिनीम् ।
भट्टारिकां देवमायां श्रद्धया नौमि सर्वदा ॥९॥
यया साक्षात्कृता माता सन्तोषी श्रद्धया मुदा ।
लोकसन्तापनाशाय भक्त्याराधनया मुहुः ॥१०॥
सैव मा मातृसन्तोष्या सह ध्याने ह्यवस्थिता ।
स्वरूपं मातृसन्तोष्या ज्ञातुकामनया तदा ॥११॥
यद् यत् पृष्टवती तत्तन्माता चोक्तवती क्रमात् ।
तदेव ग्रन्थरत्नेऽस्मिन् ग्रथितं देवभाषया ॥१२॥
सोऽयमद्भुतसंवादो गङ्गोत्तरीहिमालये ।
मात्रा साकमभून्मातुर्लोकदुःखविनाशकः॥१३॥

बुटबल क्षेत्रमा सन्तोषी माताकी परमभक्त सिद्धमाता देवमाया रहनुभएको छ, श्रद्धापूर्वक उहाँलाई म सर्वदा नमस्कार गर्दछु ।

जसले लोककल्याणका लागि श्रद्धा-भक्तिपूर्वक आराधना गरेर यस युगमा सन्तोषीमाताको साक्षात्कार गर्नुभएको छ ।

माता देवमायाले ध्यानमा बसेर भक्तिपूर्वक सोध्नुभयो र माता सन्तोषीले उत्तर दिनुभयो । देवमाया माताले जे जे सोध्नुभयो त्यसैलाई यस ग्रन्थमा देववाणीमा लेखिएको छ र ती सबै उत्तरहरू स्वयं सन्तोषीमाताका नै हुन् । सन्तोषीमाता र देवमायाको यो अद्भुत संवाद गंगोत्तरी हिमालयमा भएको हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ ध्यानम्

खड्गं त्रिशूलं ह्यभयञ्च मुद्रां
कमण्डलुञ्चापि चतुर्भुजेषु ।
सन्धार्य कृत्स्नं भुवनं पुनानां
नमामि भूयोऽपि महाकृपावतीम् ॥१४॥
श्वेता रक्ता क्वचित्कृष्णा गौर्यस्या वाहनं सदा ।
तां नौमि लोकसन्धात्रीं सन्तोषीमातरं मुहुः ॥१५॥

आफ्ना चारै हातहरूमा माताको ध्यान खड्ग, त्रिशूल, अभयमुद्रा र कमण्डलु धारण गरेर समग्र जगत्लाई सधैं पवित्र गरिरहने, महाकृपाले आप्लावित भगवती सन्तोषीमातालाई नमस्कार गर्दछु ॥१४॥

कहिले सेतो, कहिले रातो र कहिले कालो गाईलाई वाहन बनाउने, लोकलाई नै धारण गर्ने त्यस्ती सन्तोषीमातालाई वारम्वार नमस्कार गर्दछु ॥१५॥

थोरै चना र सक्खर (गुँड) आदिले नै खुसी हुने, कदलीफल, अम्बक, अनार अति नै प्रिय मान्ने र साथै थोरै मिष्ठान्न आदिद्वारा तुष्ट हुने हुनाले नै वरदायिनी मातालाई सन्तोषीमाता भनिएको हो ॥१६-१७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वल्पैरेव हि संतुष्टा चणकैः शर्करादिभिः ।
रम्भाफलप्रिया बीजफलमिष्टान्नभोजनैः ॥१६॥
न्यूनैरेव पर्णैर्नित्यं तुष्यते वरदायिनी ।
तेन सन्तोषीमातेति ख्याता संविद्यते भुवि ॥१७॥
शुक्रवारप्रिया माता स्वर्णाभरणभूषिता
नीलशय्यादिसंयुक्ता जयतात् गुह्यकालिका ॥१८॥

ॐ

शुक्रवारलाई मन पराउने, स्वर्ण-आभूषण धारण गर्ने, नीलमणि आदिद्वारा निर्मित स्वर्णमय सिंहासनमा विराजमान र विशेष गरेर गुह्येश्वरीका रूपमा रहने भगवती सन्तोषीमाताको सर्वत्र जय होस् ॥१८॥

ॐ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ प्रथमोऽध्यायः

कैलाशपर्वते रम्ये हिमवत्तुङ्गमण्डले ।
पप्रच्छ पार्वती भक्त्या नीलकण्ठं महेश्वरम् ॥१॥
देवदेव ! महादेव ! शङ्कर ! चन्द्रशेखर !
प्रीणासि यदि मे भक्त्या कृपां कुरु ममोपरि ॥२॥
आगमिष्यति वै कालः प्रजाभ्यो दुःखदायकः ।
दारिद्र्याद्रोगतः किं वा सन्तानाभावतः क्वचित् ॥३॥
शोकाद् दौर्भाग्यतः केचित् शत्रुभ्यश्चेतरे जनाः ।
घोरे कलियुगे लोकाः पीडामाप्स्यन्ति सर्वतः ॥४।

प्रथम अध्याय

हिमराशिले ढाकिएको रमणीय कैलाश पर्वतमा भगवती पार्वतीले एकदिन भक्तिपूर्वक भगवान् नीलकण्ठ शिवलाई सोध्नुभयो ।

हे देवाधिदेव महादेव ! हे चन्द्रशेखर ! हे शिव ! यदि हजुर मेरो भक्तिले प्रसन्न हुनुहुन्छ भने ममाथि कृपा गर्नुहोस् ।

अव चाँडै नै समस्त जगत्मा घोर कलियुग आउँदैछ । त्यस युगमा मनुष्यहरूले धेरै दुःख पाउनेछन् ।

धनको अभावका कारण द्ररिद्रताद्वारा, सन्तान नहुनाले, दुर्भाग्यले गर्दा, शोक-सन्तापले र शत्रुहरूद्वारा पनि मानव जातिले दुःख पाउने निश्चित छ । हे नाथ ! त्यसैले तिनीहरूको दुःखनाश गर्न सक्ने, अत्यन्त सरल, सबै इच्छाहरूको पूर्ति गर्ने, भक्तहरूलाई अत्यन्त छिटो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तेषां दुःखविनाशाय सरलं सर्वकामदम् ।
अतिशैघ्र्याच्च भक्तेभ्यः फलदं सुखदं महत् ॥५॥
किमुपायं भवेन्नाथ लोकानामार्तिनाशकम् ।
यदि गोप्यं न चेद्देव कृपया वक्तुमर्हसि ॥६॥
श्रुत्वा तद्वचनं रम्यं सर्वंलोकोपकारकम् ।
सन्तुष्टः सस्मितः प्रीत्या जगाद जगदीश्वरः ॥७॥
शैलजे ! किं न जानासि सर्वसन्तोषकारकम् ।
सर्वदुःखहरं भव्यं विद्यते व्रतमुत्तमम् ॥
सन्तोषीमातृनाम्नैव कलौ ख्यातिं गमिष्यति ॥८॥
तेजसां सर्वदेवानां कूटं यत्त्वभवत् पुरा ।
दृष्टं विचित्रकं सर्वैर्मेरुपर्वतसन्निभम् ॥९॥

फल दिने ठूलो सुखशान्ति दिने त्यस्तो के उपाय हुन सक्तछ ? हे नाथ ! जसद्वारा सबैको भयङ्कर पीडा सदाका लागि नाश होओस् । यदि गोपनीय छैन भने हे प्रभु ! कृपया मलाई त्यस्तो उपाय बताउनु होस् ।

भगवती पार्वतीका यस्ता लोककल्याण एवं लोक-उपकार हुने प्रिय वचन सुनेर भगवान् जगदीश्वर शिवले प्रेमपूर्वक यस्तो भन्नुभयो ॥१-६॥

शिव भन्नुहुन्छ - हे देवि ! पार्वति ! के तिमीलाई थाह छैन र एउटा अत्यन्त उत्तम व्रत छ नि- जसद्वारा सबै दुःख, दौर्भाग्य नष्ट हुन्छन्, जसले सबैलाई संन्तुष्टि दिन्छ, जुन अति सजिलो पनि छ जसको नाम कलियुगमा 'सन्तोषीमाताको व्रत' भनेर रहने छ ।

त्यो 'सन्तोषीमाता' नामकशक्ति चाहिँ के हो भने- हे देवि ! देवासुर संग्राममा असुरसँग हारेपछि देवताहरू सबै नै पृथ्वीमा लुकेर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तत्तेज एव सन्तोषीमाता चेत्यवधार्यताम् ।
तदुपासनया सर्वदुःखनाशो भविष्यति ॥१०॥
सर्वप्राणिसु सर्वत्र व्याप्तायाः समुपासनात् ।
गृहस्थाः सुखमेधन्ते नात्र कार्या विचारणा ॥११॥
स्वरूपं सकलं मातुर्ध्यानं पूजाविधिं तथा ।
लोमशो वक्ष्यति सर्वं श्रीसन्तोषीप्रसादतः ॥१२॥
भगवन्नीलकण्ठस्य वचनैः प्रेरिता सती ।
ददर्श ध्यानदृष्ट्यैव स्वभक्तं लोमशं मुनिम् ॥१३॥
ततस्तु पार्वती प्रीता लोमशस्य पुरः स्वयम् ।
आविर्बभूव तत्कालं स्वभक्तस्य महामुनेः ॥१४॥

बस्न थाले । त्यसपछि भगवान् विष्णुका आज्ञाद्वारा सबै देवताहरूले आ-आफ्नो शरीरबाट तेज प्रकट गरे । ती तेजहरूको एउटै राशि-थुप्रो बन्यो (त्यसबाट दुर्गाको उत्पत्ति भएको थियो) । त्यो तेजको समूह नै मूल रूपमा सन्तोषीमाता हुनुहुन्छ। जुन तेजको थुप्रो भयङ्कर ठूलो सुमेरु पर्वतजत्रो देखियो । त्यसै तेजको उपासना नै सन्तोषीमाताको उपासना हो, जसद्वारा समग्र दुःखहरू स्वतः समाप्त हुन्छन् ॥७-९॥

त्यस्ती भगवती सन्तोषीमाता जगत्का सबै ठाउँमा चेतनाका रूपमा र सबै प्राणीहरूमा आत्माका रूपमा व्याप्त हुनुहुन्छ, उहाँको उपासनाद्वारा गृहस्थहरूले सुख प्राप्त गर्दछन् यसमा कुनै सन्देह छैन । त्यस्ती जगज्जननी माताको ध्यान, उहाँको स्वरूप, पूजाविधि आदि सबै नै ऋषि लोमशले भन्नेछन् किनभने उनीमाथि भगवती सन्तोषीमाताको कृपा सधैँ नै वर्षने गर्दछ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विनयावनतं सम्यक्समाधौ संस्थितं मुनिम् ।
बोधयामास सर्वस्वं सन्तोषीव्रतमुत्तमम् ॥१५॥
स्वरूपञ्च स्वकं यादृक्तादृक्सर्वं यथार्थतः ।
दर्शयामास सन्तोषीमाता भक्तं महामुनिम् ॥१६॥
यथा होवाच सन्तोषीमाता तं लोमशं मुनिम् ।
यदाश्चर्यमयं सर्वं सर्वलोकोपकारकम् ।
तत्सर्वमिह संक्षेपान्नूनं संस्थाप्यतेऽधुना ॥१७॥

॥ॐ तत्सदिति श्रीसन्तोषीमातृचरिते कथाप्रस्तावो नाम
प्रथमोऽध्यायः॥

यसरी भगवान् नीलकण्ठ शिवका वचनद्वारा प्रेरित भएर भगवती पार्वतीमाताले ध्यानदृष्टिद्वारा लोमश ऋषि कहाँ छन् र के गर्दैछन् भन्ने तत्काल नै थाहा पाउनुभयो ॥१०-१२॥

त्यसपछि अत्यन्त प्रसन्न भएर भगवती पार्वती आफ्ना भक्त महामुनि लोमश भएका ठाउँमा प्रकट हुनुभयो, साथै आफ्ना अतिप्रिय भक्त, विनयसंम्पन्न तथा समाधिमा स्थित भएका लोमश ऋषिलाई माता पार्वतीले भगवती सन्तोषीमाताको अत्यन्त उत्तमव्रतको उपदेश समग्र रूपमा गर्नुभयो र आफ्नो मूलस्वरूप जस्तो छ त्यसको पनि यथार्थ रूपमा दर्शन गराउनुभयो । त्यसपछि जे उपदेश गर्नुभयो त्यो अत्यन्त मार्मिक, आश्चर्य एवं सबै संसारको उपकारक रहेको छ त्यसलाई यहाँ यथार्थरूपमा वर्णन गरिएको छ ॥१३-१६॥

प्रथम अध्याय पूर्ण भयो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ द्वितीयोऽध्यायः

भक्त्या गद्‌गदया वाचा मातरं पुरतःस्थिताम् ।
तुतोष श्रद्धया धीमान् लोमशो मुनिपुङ्गवः ॥१॥
जगतामुद्‌भवस्थानं त्वमेवासि वरानने ।
स्थितिकर्त्री च त्वं प्रोक्ता लयकर्त्र्यपि सम्मता ॥२॥
वेदे चादितिरूपेण मातस्त्वमेव राजसे ।
सन्तोषीनामतः ख्याता लोके त्वं तु भविष्यसि ॥३॥
माहेश्वरी त्वमेवासि महासरस्वती स्वयम् ।
महाकाली महालक्ष्मीर्महामायापि त्वं मता ॥४॥

द्वितीय अध्याय

यसरी आफ्ना अगाडि आफैं नै कृपापूर्वक विराजमान जगज्जननी पार्वती मातालाई देखेर अत्यन्त श्रद्धासम्पन्न महर्षि लोमशले भक्तिपूर्वक प्रार्थना गर्नुभयो-

हे माता ! जगत् उत्पत्तिको मूल कारण तपाई नै हुनुहुन्छ, यसैगरी यस जगत्की रक्षिका, पालिका एवम् लयकारिका पनि तपाई नै हुनुहुन्छ ।

हे माता ! तपाई विशेष गरेर कलियुगमा 'सन्तोषीमाता'का नामबाट प्रसिद्ध हुनुहुनेछ । वेदमा 'अदिति'का रूपमा विख्यात पनि तपाई आफैं नै हुनुहुन्छ । तपाई आफैँ नै माहेश्वरी, महासरस्वती, महालक्ष्मी र महाकालीका रूपमा प्रकट हुनुभएको हो । यज्ञ कर्ममा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वाहाकारेण त्वं मातर्यज्ञकर्मसु राजसे ।
पितृकर्मसु मातस्त्वं स्वधाशब्देन बोध्यसे ।
अमृतं सर्वदेवानां सदा सन्तृप्तिदा मता ॥५॥
वर्णानां प्रथमत्वेन त्वञ्चाकारस्वरूपिणी ।
विश्वस्य धारिका शक्तिस्त्वमेवासि न संशयः ॥६॥
पालकत्वेन लोकानां त्वं सन्तोषि ! विराजसे ।
सृष्टिहीनस्थितौ मातः सदा त्वं सृष्टिकारिणी ॥७॥
महाविद्या त्वमेवासि स्मृतिर्मेधापि त्वं मता ।
सर्वप्राणिसु या बुद्धिः सा त्वं सन्तोषि ! विद्यसे ॥८॥
धनञ्चापि त्वमेवासि सात्त्विकं यद् विराजते ॥९॥
यत्किञ्चिद् विद्यते तावत् सद्वस्तु जगतीतले ।

'स्वाहा', पितृ कर्ममा 'स्वधा'का रूपमा तपाईं नै हुनुहुन्छ। देवताहरूका लागि तृप्तिदायी अमृत पनि तपाईं आफैं नै हुनुहुन्छ।

वर्णहरू (अक्षर) मा पहिलो वर्ण 'अ' तपाई नै हुनुहुन्छ र विश्वको धारण गर्ने मूलधारिका शक्ति पनि तपाई नै हुनुहुन्छ यसमा कुनै सन्देह छैन ॥१-६॥

हे माता ! तपाई नै संसारको पालनमा लाग्नुभएको छ। सृष्टिविहीन अवस्थामा तपाईंले नै सृष्टि गर्नुहुन्छ। तपाईं नै महाविद्या, स्मृति र मेधा हुनुहुन्छ। हे आमा ! सबै प्राणीमा रहेको जुन बुद्धि छ त्यो तपाइ आफैं नै हुनुहुन्छ।

जुन धन सात्विक छ त्यो धन पनि तपाई आफैं हुनुहुन्छ। संसारमा जे जति, जे जस्तो छ, चाहे त्यो 'सत्' होस् या असत् तपाईंभन्दा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

असद्वस्तु च यत्किञ्चित् त्वद्भिन्नं नैव विद्यते ॥
सर्ववस्तुसु लोकेस्मिन् यद्यत्सत्त्वं विलोक्यते ॥
तस्य मूले त्वमेवासि हे मातर्नात्र संशयः ॥१०-११
यद्यत्संविद्यते देवि ! ब्रह्माण्डेऽस्मिन् चराचरे ।
तस्य सर्वस्य मूलं त्वं व्यक्ताव्यक्ततया स्थिता ।
तादृशीं त्वां महाशक्तिं स्तोतुं शक्नोम्यहं कथम् ॥१२॥
स्तुतिरूपा यतो वाणी सैव त्वं विनिगद्यसे ।
तस्मात् सर्वप्रयत्नेन कीर्तनीयासि सर्वदा ॥१३॥
इति श्रुत्वाथ सन्तोषी माता प्रीत्या तदा मुनिम् ।
अबोधयत् स्वरूपं स्वं लोकात् शास्त्राच्च गोपितम् ॥१४॥
ऋषिणा च यथा दृष्टं स्वरूपं मातृदर्शितम् ।

अलग केही पनि छैन । सबै पदार्थ एवं प्राणीहरूमा जुन 'सत्' स्वरूप छ त्यसको मूलमा तपाई आफैं नै हुनुहुन्छ । हे आमा ! यसमा सन्देह छैन ।

यो ब्रह्माण्डमा जे जति छ त्यसको मूलमा तपाईं कहीं व्यक्त एवं कहीँ अव्यक्त भएर रहनुहुन्छ । त्यस्ती तपाईलाई मैले कसरी स्तुति गर्न सकौंला र ? हे महादेवि ! स्तुति गर्ने वाणी पनि तपाईं आफैं नै हुनुहुन्छ । त्यसैले सबै प्रयत्नहरूद्वारा तपाईंको स्तुति गर्नु नै उचित देख्दछु ।

आफ्ना भक्त लोमश ऋषिद्वारा यसरी स्तुति गरिएकी भगवती माताले प्रेमपूर्वक लोमश ऋषिलाई लोक एवं शास्त्र दुवैमा गोप्य रहेको (आफ्नो) सन्तोषीमाताको मूल स्वरूपको दर्शन गराउनु भयो ॥७-१४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तस्योपासनया सर्वदुःखग्रामो विनश्यति ॥१५॥
आसीत् स्वर्णासनारूढा स्वर्णाभूषणभूषिता ।
त्रिलोकमोहिनी माता ख्याता सन्तोषीनामतः ॥१६॥
चतुर्षु किल हस्तेषु खड्गं त्रिशूलकं तथा ।
कमण्डलुः पुनर्मुद्रा चासीदभयदायिनी ॥१७॥
धेनुर्वाहनतां याता श्वेता कृष्णाथ लोहिता ।
ज्ञानाय दुष्टनाशाय धनदानाय कल्पिता ॥१८॥
अत्यल्पैः वस्तुभिस्तुष्टा चणकैः शर्करादिभिः ।
तेन सन्तोषीमातेति प्रसिद्धा जगतीतले ॥१९॥

॥ॐ तत्सदिति श्रीसन्तोषीमातृचरिते मातृस्वरूपदर्शनं नाम द्वितीयोऽध्यायः॥

त्यस अवसरमा ऋषिले माताका कृपाले जुन स्वरूपको दर्शन पाउनुभयो त्यसका आराधनाले समग्र दुःखहरूको नाश हुनेछ ।

सन्तोषीमाताको स्वरूप यस्तो प्रकारको थियो- सुवर्णको आसनमा विराजित माताले स्वर्ण आभूषण धारण गर्नुभएको थियो । तीनवटै लोकलाई मोहित गर्ने उहाँको स्वरूप थियो । चारवटा हातमा क्रमशः खड्ग, त्रिशूल, कमण्डलु तथा अभय मुद्रा थिए । माताका वाहन गाई तीन प्रकारका थिए- सेती, राती एवं काली । भक्तलाई ज्ञान दिन सेती गाईमा, दुष्टलाई दण्ड दिन कालीमा र धन दिनका लागि राती गाईमा विराजमान हुनुहुन्थ्यो ।

थोरै सक्खर, चना आदिद्वारा सन्तुष्ट हुने हुनाले नै संसारमा उहाँ सन्तोषीमाताका नामले प्रसिद्ध हुनुभएको हो ॥१५-१९॥

दोस्रो अध्याय पूर्ण भयो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ तृतीयोऽध्यायः

ततः परं स्वयं माता सन्तोषी लोकवल्लभा ।
प्राह स्वीयां कथां पूर्णां लोमशं मुनिपुङ्गवम् ॥१॥
तपसा मम सन्तुष्टे पुरा विश्वगुरौ स्वयम् ।
जग्राह भगवान् प्रीत्या पाणिं मे विधिपूर्वकम् ॥२॥
सहस्राणामनेकानि वर्षाणि शूलिना सह ।
अहमेकान्तवासेन ह्यरमं सुखपूर्वकम् ॥३॥
किन्त्वेकदा सुरसरिद् गङ्गाऽलौकिकसुन्दरी ।
याता द्रष्टुं हरं तत्र मां दृष्ट्वा शिवसन्निधौ ॥४॥

तृतीय अध्याय

त्यसपछि सबैकी प्रिय सन्तोषीमाताले आफैं आफ्नो पूर्णकथा र उत्पत्तिको रहस्य भक्तहरूमध्ये श्रेष्ठ मुनि लोमशलाई यसरी बताउनुभयो-

हे लोमश ! आजभन्दा धेरै पहिले मेरो तीनहजार वर्षको सुदीर्घ तपस्याद्वारा भगवान् शिव प्रसन्न हुनुभयो र विधिपूर्वक मेरो विवाह भगवान् शिवसँग भयो ।

भगवान् शिवसँग एकान्तस्थलमा सुखपूर्वक रमण गरेर मेरा हजारौं वर्षहरू व्यतीत भए । यत्तिकैमा कुनै एकदिन अत्यन्त सुन्दरी गङ्गा हामी भएका ठाउँमा शिवलाई भेट्न आइन् । उनले जब मलाई देखिन् उनी भयभीत हुन पुगिन् र आफ्नो पूर्व रूप त्यागेर जलरूपमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भीत्या पूर्वतनुं त्यक्त्वा गङ्गा जाता जलात्मिका ।
ताञ्च प्रेम्णा शिवः साक्षात् स्वमूर्ध्नाऽधारयत्ततः ॥५॥
स्निह्यति जाह्नवीं भूयो न मामन्तस्तलात् क्वचित् ।
प्रीणातीति विचार्यैव क्रोधयुक्ताऽभवं तदा ॥६॥
तस्यास्तन्मानमालोक्य मानेनाहं च मानिनी ।
तपस्तप्तुं पुनर्याता हिमवत्शैलगह्वरम् ॥७॥
सुगुप्तमभवद्रम्यं तत्स्थानमिति शङ्करः ।
भगवान् बहुधान्विष्य कथंचिज्ज्ञातवान् रहः ॥८॥
यदा शिवः समायातः क्रोधेन कृष्णतां गता ।
क्रोधप्रवाहवेगेन पुना रक्ता तदाऽभवम् ।
ततोऽपि श्वेततां याता त्रिरूपतां ययौ क्रमात् ॥९॥

परिणत हुन पुगिन् । त्यो देखेर भगवान् शिवले उनलाई प्रेमपूर्वक उठाएर आफ्नो शिरमा धारण गर्नुभयो । त्यो देखेर मैले विचार गरें :- भगवान् शिवले गङ्गालाई अति धेरै माया गर्नु हुँदोरहेछ तर त्यसरी अन्तरहृदयबाट मलाई भने माया गर्नुहुँदो रहेनछ, यस्तो भावबाट प्रेरित भएर, साथै गङ्गाको त्यत्रो मानमनितो भएको र मेरो अपमान भएको ठानेर फेरी तपस्या गर्ने विचारले म तुरुन्तै त्यहाँबाट तपस्याका लागि हिमालय पर्वतको कुनै अगम्य गुफातिर लागेँ ॥१-७॥

मैले तपस्या गर्ने ठाउँ अत्यन्त सुगुप्त थियो र अत्यन्त रमणीय पनि थियो, त्यसैले धेरै समय खोजेपछि मात्र भगवान् शिवले त्यो ठाउँ भेट्टाउनुभयो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महाकाली महालक्ष्मीर्महासरस्वती स्वयम् ।
सहसैवाभवं तत्र स्वयमेव न संशयः ॥१०॥
मम तन्मानमालोक्य भगवान् श्रीशिवः स्वयम् ।
प्रेम्णा प्रोवाच मधुरं मानदानपुरःसरम् ॥११॥
हे गौरि ! लोककल्याणि ! यथा त्वं मम वल्लभा ।
प्रीणासि यदि मे चण्डि तथा मां कुरु वल्लभम् ॥१२॥
त्वां विहाय न वै स्थातुं शक्नोम्येकाकी भामिनि !
तस्मात् कोपं परित्यज्य पुनर्याहि मदन्तिकम् ॥१३॥
सर्वेषामार्तिभाजानामार्तिनाशाय सर्वदा ।
सन्तोषीनामतः ख्याता भविष्यसि कलौ युगे ॥१४॥

जुनबेला मलाई भेट्न शिव आउनुभयो त्यसबेला क्रोधले म काली हुन पुगेँ त्यो क्रोधको वेगले अझ राती भएँ र अन्त्यमा क्रमशः सेतो रूपमा परिणत हुन पुगें ।

त्यसैले महाकाली, महालक्ष्मी एवं महासरस्वतीका रूपमा म आफैं परिवर्तित भएकी हुँ ।

मेरो त्यस्तो मान देखेर भगवान् शिवले बडो प्रेमपूर्वक, सम्मानपूर्वक मधुरवाणीले भन्नुभयो-

मेरी अर्धाङ्गिनी ! हे पार्वती ! लोक कल्याणि ! जसरी तिमी मेरी प्रियतमा भएकी छौ त्यस्तै नै मलाई पनि हे सुन्दरी ! प्रियतम वनाऊ । तिमीलाई छोडेर एक्लै म बस्न सक्तिन । हे प्रिये, त्यसैले रिसलाई त्यागेर फेरि मसँगै बस्न आऊ ॥८-१३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देवतानामधिष्ठात्री कुलदेवी भविष्यसि ।
त्वदीयं तपसः स्थानं संरक्षिष्यति जाह्नवी ।
यत्र त्वया तपस्तप्तं तत्पवित्रं महत्तमम् ।
गौरीकुण्ड इति ख्यातं गङ्गोत्तर्यां भविष्यति ॥१५॥
नूनं शिरसि मे गङ्गा यथा वसति भामिनि ।
गौरि ! ममार्धकायं तु चाद्यारभ्य तवास्ति तत् ॥१६॥
अर्धनारीस्वरूपेण विचरामि त्वया सह ।
तवोत्पत्तिस्थलं रम्यं मतं गङ्गोत्तरीयकम् ॥१७॥
विना तद्गौरीकुण्डस्य दर्शनेन हिमालये ।
गङ्गास्नानफलं पूर्णं न स्याद्युगयुगान्तरे ॥१८॥

संसारका सबै दुःखी प्राणीहरूको दुःखनाशका लागि तिमी नै कलियुगमा सन्तोषीमाताका नामले प्रसिद्ध हुनेछौ ।

देवताहरूकी अधिष्ठात्री कुलदेवी पनि तिमी नै हुनेछौ, साथै जहाँ तिमीले लामो तपस्या गर्‍यौ त्यस स्थानलाई गङ्गाले सधैं रक्षा गरि नै रहने छन् । साथै त्यो तिमीले तपस्या गरेको स्थान गौरीकुण्डका नामले भविष्यमा सुविख्यात हुनेछ ।

निश्चय पनि हे देवी ! जसरी गङ्गा मेरो शिरमा बस्तछिन् त्यसरी नै आजबाट मेरो आधा शरीरका रूपमा तिमी रहनेछौ ।

तिमीसँग आजैबाट अर्धनारीशरीरद्वारा म विचरण गर्नेछु । तिम्रो (सन्तोषीमाताको) उत्पत्तिस्थल गङ्गोत्तरी नै हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एतावत्सकलं गोप्यमुक्त्वा मद्वल्लभो हरः ।
मह्यमर्धाङ्गकं दत्वा मां गृहीत्वा च निर्ययौ ॥१९॥
तद्दिनादेव सन्तोषीमाता भक्तसहायिका ।
भूत्वा स्थितास्मि लोकेस्मिन् जनानामार्तिनाशिनी ॥२०॥
शक्तीनां देवतानाञ्च कुलदेवीति विद्धि माम् ।
मत्त एवाभवन् सर्वाः शक्तयो लोकधारिकाः ॥२१॥
मत्शक्तिरस्ति दुर्गापि भक्तदुर्गतिनाशिनी ।
काली मत्तःप्रसूताभूदित्थं लक्ष्मीरजायत ।
महासरस्वती जाता मत्त एव न संशयः ॥२२॥
अक्षराणाञ्च पीठानां लोके या दृश्यते स्थितिः ।

हिमालय पर्वतमा अवस्थित गौरीकुण्ड, जहाँ तिम्रो उत्पत्ति भयो, त्यसको दर्शन नगरी गंगास्नानको पूर्णफल युगौं युगसम्म पनि प्राप्त हुने छैन ।

त्यस्ता गम्भीर एवं गोपनीय रहस्यहरू मलाई बताइसकेपछि भगवान् शिव मलाई लिएर त्यहाँबाट निस्कनुभयो ।

त्यसै दिनदेखि यस लोकमा सन्तोषी माताका नामले विख्यात भएर म सांसारिक मनुष्यहरूको दुःख नाश गर्दै रहेकी छु ॥१४-२०॥

सबै देवता एवं अन्य शक्तिहरूकी म कुलदेवी हुँ, लोकधारक शक्तिहरूपनि मबाट नै प्रसृत भएका हुन् ।

भक्तहरूको दुर्गतिनाश गर्ने दुर्गा पनि मेरै शक्ति हुन् । महाकाली एवं महालक्ष्मी तथा महासरस्वती पनि मबाट नै उत्पन्न भएका हुन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मदन्तिकादभूत् पूर्वं सम्प्रत्यपि च धार्यते ।
मां विहाय न वै किञ्चिद् ब्रह्माण्डे किल विद्यते ॥२३॥
बालकन्यास्वरूपेण निवसामि समन्ततः ।
सर्वदेवीसु देवेषु भिन्नसंज्ञाग्रहात्तथा ।
तत्तत्कर्मसु संयुक्ता भवामीति निबोधत ॥२४॥
पीठानि सन्ति यावन्ति तेषु श्रीगुह्यकालिका ।
यत्रास्ति चान्नपूर्णापि तन्मूलस्थानमुच्यते ॥२५
भगवान् नीलकण्ठोऽपि यत्र शेते युगाद्युगम् ।
तदेव मामकं रम्यं चाद्यस्थानं निबोधत ॥२६॥
शक्तिपुञ्जं हि सर्वेषां देवानां यदभूत् पुरा ।

जति अक्षर एवं जति पीठहरू छन् ती सबै मबाट नै प्रादुर्भूत भएका हुन् र तिनलाई मै नै धारण गर्दछु । वस्तुतः ब्रह्माण्डमा मबाहेक अरु कुनै चीज पनि छैन । म प्रायः सबैतिर बालकन्याका रूपमा रहने गर्दछु र भिन्न देवी एवं देवताहरूमा छुट्टाछुट्टै नामद्वारा रहने गर्दछु । साथै उनीहरूका कर्म सम्पन्न गर्न पनि लागी नै रहन्छु ।

जति पनि पीठहरू छन् तीमध्ये श्री गुह्येश्वरी एवं अन्नपूर्णा जहाँ हुनुहुन्छ त्यही नै मेरो मूल स्थान हो ॥२-२५॥

मेरो पहिलो त्यही नै ठाउँ हो जहाँ युगौंदेखि भगवान् नीलकण्ठ शयन गरि नै रहनुभएको छ । देवताहरूको जुन शक्ति एकत्रित

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निःसंज्ञं मामकं रूपं बोध्यतां पुत्रि ! निश्चयात् ॥२७॥
राधाया बालरूपं हि श्रीकृष्णसहितं पुरा ।
यदासीत् तत्र राधा तु स्वयमेवाभवं तदा ॥२८॥
ऋद्धिसिद्धिगणेशानां पुत्र्यस्मि किञ्च भूतले ।
गङ्गास्रोतःसमुद्भूता सैवोत्पत्तिस्थलं मम ॥२९॥
ज्येष्ठे मासे सिते पक्षे पञ्चम्यां प्रथमं पुरा ।
जातास्मि लोकरक्षायै गङ्गोत्तर्यां न संशयः ॥३०॥
पूर्णमायान्तु श्रावण्यामाशुतोषः शिवः स्वयम् ।
भूयाः सन्तोषीमातेति कलावस्मिन् जगाद ह ॥३१॥

॥ॐ तत्सदिति श्रीसन्तोषीमातृचरिते मातुराविर्भाववर्णनं नाम तृतीयोऽध्यायः॥

भएको थियो र जसको कुनै विशेष आकृति थिएन, त्यो नामरहित स्वरूप नै मेरो मूल अवस्था हो । हे पुत्री ! तिमी बुझ, परम ब्रह्म भगवान् श्रीकृष्णसँग भगवती राधाको जुन बालस्वरूप थियो त्यो मेरै स्वरूप थियो ।

ऋद्धि र सिद्धि मेरा आमाहरू हुन् । पूज्य पिता श्रीगणेशकी म छोरी हुँ । तर पृथिवीमा भने म गङ्गास्रोतबाट उत्पन्न भएकी हुँ । त्यही नै मेरो उत्पत्तिस्थल हो ।

जेठ महिनाको शुक्लपक्ष पञ्चमीमा मेरो उत्पत्ति भएको हो, पछि फेरि श्रावण शुक्ल पूर्णिमाका दिन तिमी सन्तोषी माता होऊ भनेर भगवान् शिवले भन्नुभएको हुनाले दुवै नै मेरा विशिष्ट तिथिहरू हुन् ॥२६-३०॥ **तृतीय अध्याय पूर्ण भयो ।**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ चतुर्थोऽध्यायः

चण्डिकायाः स्वरूपेण रक्तबीजविनाशने ।
व्यापृता चाभवं यत्र कालीं तत्र ह्यनोदयम् ॥१॥
तदम्लरक्तपानेन काली चोन्मत्ततां गता ।
आज्ञामुल्लङ्घ्य मे याता तदानीं शुक्रवासरे ॥२
कृत्स्नं जगद्भक्षयन्ती बभौ प्रलयकारिणी ।
कथञ्चित् समतां प्राप्ता निववृत्ते विनाशतः ॥३॥
तस्मात्क्रुद्धाभवं चाम्लवस्तुजातं च भूतले ।
भार्गवे वासरे यत्नात् सशापाऽभक्षणाय हि ॥४॥

चतुर्थ अध्याय

सन्तोषीमाता भन्नुहुन्छ- जुनबेला म रक्तबीजको विनाश गर्न लागेकी थिएँ- त्यो बेला मैले 'चण्डी' रूप धारण गरेकी थिएँ । त्यसैबेला मैले रक्तबीजको विनाशका लागि भगवती महाकालीलाई रक्तबीजको त्यो समग्र रगत जिब्राले चाटेर पृथिवीमा खस्न नदिनका लागि प्रेरित गरें । वस्तुतः त्यो रक्तबीजको रगत अमिलो प्रकारको रहेछ त्यही रगतको भक्षणद्वारा काली उन्मत्त हुन पुगिन् र मेरा आज्ञाको उल्लङ्घन गरेर त्यहाँबाट अन्तै लागिन्, त्यो दिन शुक्रवार परेको थियो ।

काली समग्र जगत्लाई नै खाउँला जस्तो गरेर अत्यन्त तीव्र वेगसँग हिंडिन्, प्रलयकारणी जस्ती भइन् र बडो कठिनाईसँग उनलाई मैले फेरि वसमा गरें अनि वल्ल ती फर्किइन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अम्लं न भुञ्जते येऽपि वस्तु तद् भृगुवासरे ।
तेषु प्रीणामि तेभ्यश्च प्रयच्छामीप्सितं फलम् ॥५॥
सन्तुष्टा सततं जाये तेषु भक्तेष्वहर्निशम् ।
तस्मान्मम व्रतं प्रोक्तं प्रति भार्गववासरम् ॥६॥
रक्तबीजप्रभावेण प्रजाभ्यो बहुधा युगे ।
अम्लवस्तूनि रोचन्ते मया तस्मान्निषिध्यते ॥७॥
आदौ सम्पूज्य मां भक्त्या श्रोतव्या मत्कथा किल ।
विधिवत् चणकं गूडं पायसं कदलीफलम् ॥८॥
बीजापूरफलं रम्यं मद्भक्त्या चार्प्यतां तदा ।
गूडं चणकसंयुक्तं गोभ्यश्चापि प्रदीयताम् ॥९॥
एकवारञ्च भोक्तव्यं निरम्लं लवणं विना ।

त्यसदिन म कालीको त्यो कृत्यबाट कुपित हुन पुगेँ र अमिलो पदार्थलाई नै मैले श्राप दिएँ । कलियुगका मानिसलाई अमिलो धेरै मनपर्ने हुनाले त्यसदिन अमिलो खान पनि निषेध गरेँ ।

त्यसैले जसले शुक्रवार कुनै पनि अमिलो पदार्थ खाँदैन त्यस व्यक्तिसँग म खुसी हुन्छु र उसले चाहेको फल पनि दिन्छु ।

त्यस्ता भक्तहरू जसले मेरो व्रत गर्छन् र शुक्रवार अमिलो खाँदैनन् ती व्यक्तिहरूप्रति म खुसी हुने हुनाले प्रत्येक शुक्रवार मेरो व्रत बताइएको छ ।

रक्तबीजका प्रभावले गर्दा यसयुगमा मानिसहरूले अमिलो पदार्थलाई धेरै नै मन पराउने हुनाले मद्वारा त्यसको निषेध गरिएको हो ॥१-७॥

त्यसदिन (शुक्रवार) मेरो पूजा गरेर कथा सुन्नाले र विधिपूर्वक चना र त्यो गुड, खीर र केरा आदि चढाउनाले म प्रसन्न हुन्छु । गुड र चना गाईलाई पनि दिनु । ॥१-९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हविर्युक्तं भवेत्सर्वं तेन प्रीणामि सर्वदा ॥१०॥
पठन्ति मत्कथां प्रीत्या येऽपि श्रृण्वन्ति भक्तितः ।
लभन्ते वाञ्छितं तेऽपि नात्र कार्या विचारणा ॥११॥
उद्यापनञ्च कर्तव्यं कार्ये सिद्धे तु श्रद्धया ।
तत्र पूजा विधातव्या बालानां भक्तिपूर्वकम् ॥१२॥
चिरञ्जीवित्वमापन्ना अष्टौ ये सन्ति भूतले ।
त एव पुत्ररूपेण जाता इत्येव ज्ञायतम् ॥१३॥
मिष्टान्नभोजनाद् वस्त्रदानात् सम्मानतस्तथा ।
सदा प्रसन्ना वरदा भवामीत्यवधार्यताम् ॥१४॥

॥ॐ तत्सदिति श्रीसन्तोषीमातृचरिते व्रतविधिकथनं नाम

चतुर्थोऽध्यायः॥

दिनमा एकपटक भोजन गर्नु त्यो भोजन नून बिनाको र अमिलोको कुनैपनि संसर्ग नभएको हुनुपर्दछ र त्यो घिउमा बनाइएको हुनुपर्दछ ।

जसले भक्तिपूर्वक एवं प्रेमले मेरो कथा पढ्दछन् र सुन्दछन् पनि तिनले आफ्नो आकाङ्क्षा पूरा गर्दछन् । यसमा सन्देह गर्नुपर्ने कुनै आवश्यकता छैन ।

कार्य सिद्ध भइसकेपछि श्रद्धापूर्वक उद्यापन गर्नुपर्दछ । त्यो बेला ८ जना बालकहरूको भक्तिसाथ पूजा गर्नुपर्दछ । ती आठ बालक अष्ट चिरञ्जीवीका प्रतीक हुन् । तिनै माताका पुत्रहरू हुन् । उनीहरूलाई मिष्ठान्न भोजन, वस्त्रदान, सम्मान-पूजा गर्नाले म सन्तोषीमाता प्रसन्न हुन्छु ॥८-१४॥

चौथो अध्याय पूर्ण भयो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ पञ्चमोऽध्यायः

प्रथमं मातृसन्तोष्या रहस्यभरितं व्रतम् ।
स्वयमेव महादेवी पालयामास भूतले ॥१॥
कुमारः श्रीगणेशश्च ब्रह्माण्डं क्रमितुं पुरा ।
ययतुः किञ्च विघ्नेशः सत्वरं विनिवर्तितः ॥२॥
निश्चित्य पितरावेव विश्वात्मकमयाविति ।
तयोः परिक्रमां चक्रे प्रीतौ तत्क्रियया च तौ ॥३॥
लम्बोदरः समायात इति ज्ञात्वा षडाननः ।
मत्वा च हीनमात्मानं न निवर्तितवाँस्तदा ॥४॥
भृशं चिन्तातुरा माताऽभवत् तां नन्दिकेश्वरः ।

पञ्चम अध्याय

सन्तोषीमाता भन्नुहुन्छ-

सर्वप्रथम मेरो रहस्ययुक्त व्रत आफैं पार्वती माताले गर्नु भएको थियो । एक पटक माताका दुवै पुत्र श्रीगणेश एवं कुमार कार्तिकेय ब्रह्माण्डको परिक्रमा गर्नका लागि घरबाट निस्किए । तर गणेशजी तुरुन्तै फर्किनुभयो । उहाँले आफ्ना आमाबाबुलाई नै 'विश्वमय'= ब्रह्माण्डमय हुनुहुन्छ भन्ने निश्चय गरेर घर फर्किनु भयो र आफ्नो आमाबुवाको परिक्रमा गर्नुभयो । शिव र पार्वती गणेशजीको यस कार्यबाट निश्चय नै प्रसन्न हुनुभयो ।

तर लम्वोदर गणेश आफूभन्दा पहिला घर फर्किएको कुरा सुनेर स्वामी कार्तिकेय भने निराश हुनुभयो र आफूलाई हीन सम्झेर घर फर्किनु नै भएन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्राहाद्रितनयां प्रेम्णा व्रतान् षोडशवासरान् ॥५॥
भार्गवस्यैव त्वं कुर्याः तव पुत्रस्ततः स्वयम् ।
सन्तोषीमातृकारुण्यात् चागमिष्यति निश्चयम् ॥६॥
इति श्रुत्वा वचस्तावद् गुरोरीशस्य तद्दिनात् ।
चतूर्णां किल मासानां व्रतचर्यां चकार सा ॥७॥
व्रतान्तिमे दिने सोऽपि नूनं भार्गववासरे
सेनानीरागतः साक्षाद् शैलपुत्री मुमोद ह ॥८॥
तत्प्रभृत्येव सन्तोष्या ज्ञातवान् षण्मुखो व्रतम् ।
सन्तोषीचरितं चैव श्रीमातृमुखतः स्वयम् ॥९॥

॥ॐ तत्सदिति श्रीसन्तोषीमातृचरिते व्रतप्रभाववर्णनं नाम पञ्चमोऽध्यायः॥

यसपछि माता पार्वती धेरै चिन्तित हुनुभयो । त्यो देखेर भगवान् शिवले पार्वतीमातालाई प्रेमपूर्वक के भन्नुभयो भने- हे पार्वती ! तिमी सन्तोषी माताको १६ पटक (४ महिना) व्रत गर, त्यस व्रतका प्रभावले माताको कृपाद्वारा कुमार निश्चय पनि घर फर्किएर आउनेछन् ।

भगवान् शिवका यस्ता वचन सुनेर भगवती पार्वतीमाताले ४ महीनासम्म १६ वटा शुक्रवारको व्रत गर्नुभयो । व्रतको अन्तिम दिनका दिन कार्तिकेय आफैं नै फर्किएर घर आउनुभयो, त्यसबाट माता पार्वती अत्यन्त प्रसन्न आउनेछन् ।

त्यसै दिन कुमार कार्तिकेयले पनि आफ्नै आमाका मुखबाट सन्तोषीमाताको चरित्र एवं कृत्य थाहा पाउनुभएको हो ॥१-९॥

पाचौं अध्याय पूर्ण भयो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ षष्ठोऽध्यायः

आदौ भगवती साक्षात् सन्तोष्या व्रतमुत्तमम् ।
लोकदुःखविनाशाय प्रचारञ्चाकरोत् स्वयम् ॥१॥
आसन् चाप्सरसो भूयस्ताः प्रोचे गिरिनन्दिनी ।
यूयं गच्छत श्रीमातुर्व्रताय जाह्नवीतटम् ॥२॥
लोमशाख्यो मुनिर्युष्मान् विधिं वक्ष्यति श्रद्धया ।
मातुराज्ञां समाकर्ण्य ता याता जाह्नवीतटम् ॥३॥
लोमशस्य सहाय्येन चक्रुस्ता व्रतमुत्तमम् ।
तासां व्रतप्रभावेण माता सन्तोषी तत्स्थलम् ।
स्वयमागत्य ताः प्राह वरान् वरयताऽधुना ॥४॥

षष्ठ अध्याय

सन्तोषीमाता भन्नुहुन्छ-

भगवती पार्वतीमाताले नै संसारको दुःख नाश हुने देखेर यस व्रतको प्रचार गर्नका लागि प्रयास गर्नुभयो । केही स्वर्गका अप्सराहरूलाई माता पार्वतीले गङ्गाको किनारा हरिद्वारमा गएर तिमीहरूले व्रत गर भन्नुभयो । साथै लोमश, ऋषिले तिमीहरूलाई व्रतको विधि, प्रकार- माहात्म्य आदि सबै बताउने छन् पनि भन्नुभयो । माताको यस्तो आज्ञा पाएपछि अप्सराहरू गङ्गातट हरिद्वार पुगेर महर्षि लोमशको सहयोगले ती अप्सराहरूले गङ्गातटमा बसेर व्रत गरे । लामो व्रत गरेपछि त्यहाँ सन्तोषीमाता आफैं दर्शन दिन आउनुभयो त्यहीं आएर माताले प्रसन्न भएर आज्ञा गर्नुभयो । तिमीहरूको व्रतले म प्रसन्न भएँ । अब तिमीहरूको अभिलाषा म पूर्ण गर्दछु वर माग ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मातुस्तद् वचनं श्रुत्वा प्रीत्या भक्त्याथ श्रद्धया ।
पेतुस्ताः चरणौ मातुस्तथोचुर्मातरं यथा ॥५॥
मातृनिर्देशनान्मातर्वयं याता व्रताय हि ।
प्रेरणा प्रभवेद्येन गृहस्थानां कलौ युगे ॥६॥
केवलं भक्तिरेवात्र भवत्यां भवतात् सदा ।
अस्मद्व्रतप्रभावेण भवेल्लोकस्य नोदनम् ॥७॥
करिष्यन्ति च ये भूमौ मातस्तव व्रतं शुभम् ।
तेषां सर्वं कार्यजातं पूरितं स्यादशेषतः।
एतदेव वयं मातश्चेच्छामो वरमुत्तमम् ॥८॥
तासां वचनमाकर्ण्य माता प्रीत्यावदत्तदा ।

भगवती सन्तोषीमाताका करुणापूर्ण वचन सुनेर भक्ति एवं श्रद्धा सम्पन्न भएर उनीहरूले माताका चरण कमलमा आ-आफ्ना शिरहरू राखे र मातालाई निवेदन गरे-

हे माता ! हामी त माता पार्वतीका आदेशले व्रतका लागि आएका हौं जसद्वारा कलियुगमा सन्तोषीमाताको व्रत गर्नका लागि, गृहस्थहरूलाई विशेष गरेर प्रेरणा मिलोस् त्यसैले हे आमा ! हामीलाई हजुरको अटूट भक्ति दिनुहोस् र यस व्रतद्वारा लोकको कल्याण होस् तथा लोकलाई प्रेरणा मिलोस् । हे आमा ! जसले पृथिवीमा हजुरको व्रत गर्ने छन् उनीहरूका सबै मनोरथ पूर्ण होउन् यही नै हजुरबाट हामी कृपा चाहन्छौं ।

उनीहरूका भक्तिपूर्ण एवं निःस्वार्थ वचन सुनेर प्रेमपूर्वक माताले भन्नुभयो- हे अप्सराहरू हो ! तिमीहरूको भक्तिपूर्ण वचनले म खुसी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रीतास्मि किन्तु दातव्यं व्रतार्थिभ्यो विशेषकम् ॥
तस्माद्ददामि युष्मभ्यं वरेषु वरमुत्तमम् ॥९॥
भवतीनां भवन्नैवाव्यये दुःखं कदाचन ।
सर्वदाऽशेषतः कामाः परिपूर्णा भवन्तु वः ॥१०॥
करिष्यन्ति व्रतं येऽपि तेषामपि च सर्वथा ।
मनोरथाः सुपूर्णाः स्युर्नूनं मत्कृपया सदा ।
इति ताभ्यो वरान् दत्वा माता ह्यन्तर्दधे स्वयम् ॥११॥

॥ॐ तत्सदिति श्रीसन्तोषीमातृचरिते वरप्रदानं नाम षष्ठोऽध्यायः॥

छु। साथै व्रत गर्ने मेरा भक्तलाई मैले केही विशेष दिनैपर्छ त्यसैले यो विशेष वरदान म तिमीहरूलाई दिन्छु-

तिमीहरूलाई कहिल्यै स्वर्गमा दुःख नहोस् र समग्र कामनाहरू पूर्ण होउन्। साथै जसले यो व्रत गर्नेछन् तिनका समग्र मनोरथहरू मेरो कृपाले पूर्ण होउन् ।

यस्तो वरदान दिएर भगवती सन्तोषीमाता त्यहाँबाट अन्तर्ध्यान हुनुभयो ।

छैठौं अध्याय पूर्ण भयो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ ससप्तमोऽध्यायः

गङ्गाद्वारे महापुण्ये सप्तर्षीणां तपोवने ।
ऋषिपत्न्यस्तदाऽपश्यन् सन्तोष्या व्रतमुत्तमम् ॥१॥
अपत्याभावतः क्षीणा आसन् ता गतगौरवाः ।
अपृच्छन् लोमशं सर्वं विधिञ्चास्य व्रतस्य च ॥२॥
तस्माद् व्रतविधिं ज्ञात्वा सन्तोष्याश्चरितं महत् ।
ऋषेः सान्निध्यमासाद्य चक्रिरे व्रतमुत्तमम् ॥३॥
तेन व्रतप्रभावेण परितुष्टा स्वयं सती ।
सर्वोपकारनिरता ददौ पुत्राँश्च धार्मिकान् ॥४॥

सप्तम अध्याय

गङ्गाद्वार अर्थात् हरिद्वारमा अवस्थित सप्तर्षिहरूको आश्रमनिकट तपोवनमा अप्सराहरूले सन्तोषीमाताको व्रत गरेको ऋषिपत्नीहरूले देखे । त्यो देखेर उनीहरू त्यस विषयमा जान्न समुत्सुक हुन पुगे ।

सन्तान नहुनाले नै उनीहरू अत्यन्त क्षीण, चिन्तित र खिन्न थिए, त्यसैले महर्षि लोमशलाई सोधेर त्यसको समाधानका लागि सन्तोषीमाताको व्रतको विधि जाने । ऋषिका कृपाले सन्तोषीमाताको व्रत विधि जानेर र उहाँको चरित्र बुझेर ती ऋषिपत्नीहरूले ऋषि लोमशकै सान्निध्यमा व्रत गरे ।

त्यसै व्रतका प्रभावले भगवती सन्तोषी माता खुसी हुनुभयो र सबैको उपकारमा मग्न माताले तिनीहरूलाई धार्मिक पुत्रहरू दिनुभयो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सप्तर्षिपत्नीभिस्तावद् बहुमानपुरःसरम् ।
सन्तोषीव्रतमाहात्म्यं प्रसारितमभूत्तदा ॥५॥
त्रेतायां द्वापरे चैव सन्तोषीमातृपूजनात् ।
राजभिर्भक्तिसम्पन्नैः सम्प्राप्तं वाञ्छितं फलम् ॥६॥
अरुन्धती महाभागा सीतामाह व्रतं महत् ।
श्रीरामो ज्ञातवाँस्तस्या मुखादेव न संशयः ॥७॥
पौलस्त्येन हृता सीता चाशोकवृक्षमूलके ।
स्थित्वा कृतवती सम्यक् सन्तोष्या व्रतमुत्तमम् ॥८॥
रामः सीताञ्च सम्प्राप्तुं हन्तुं तं लोकरावणम् ।
व्रतं चकार यत्नेन किस्किन्धागह्वरे स्थितः ॥९॥

यसरी उनीहरूले नै सन्तोषीमाताको व्रतको प्रचार गरे र माताको माहात्म्य पनि प्रचारित हुन पुग्यो । यसरी नै त्रेतायुग, द्वापरयुगमा पनि धेरै भक्तिसम्पन्न राजाहरूले माताको आराधना गरेर आफूले चाहेको फल प्राप्त गरेका छन् ॥१-६॥

यसरी नै अरुन्धती माताले भगवती जनकनन्दिनी सीतालाई यस ठूलो व्रतको उपदेश गर्नुभयो र श्रीरामले पनि उहाँकै मुखबाट यसको माहात्म्य थाहा पाउनुभएको थियो ।

जब रावणले सीताको अपहरण गर्‍यो त्यसबेला लंकामा अशोकवाटिकाको वृक्षमुनि बसेर सीतामाताले राम्ररी सन्तोषीमाताको आराधना गर्नुभयो ।

यसै क्रममा भगवान् रामले सीतालाई प्राप्त गर्न र रावणलाई वध गर्नका लागि किस्किन्धा नगरको समीपमा रहेको गुफामा यो व्रत आफैं नै गर्नुभयो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्रतस्यास्य प्रभावेण नष्टो लङ्कापतिः स्वयम् ।
श्रीरामः प्राप्तवान् कान्तां तां सीतां प्राणवल्लभाम् ॥१०॥
राज्ये नष्टे वनं याता यदा पाण्डुसुतास्तदा ।
द्वादशाब्दं व्रतं चक्रे पाण्डुपत्नी गजाह्वये ॥११॥
तस्या व्रतप्रभावेण पुत्राः प्रत्यागता वनात् ।
विजयं लेभिरे युद्धे नष्टं राज्यमवाप्नुवन् ॥१२॥
महाभारतयुद्धेऽपि भगवान् देवकीसुतः ।
प्रारम्भे प्राह संस्तोतुं जिष्णुं तां मातरं स्वयम् ॥१३॥
त्रेतायुगे कृते वापि द्वापरेऽपि ह्यनेकशः ।
भूपाला देवता मर्त्या व्रतं चक्रुर्न संशयः ॥१४॥

यसै व्रतका प्रभावले लङ्कापति रावण युद्धमा पराजित भयो र रामले प्राणवल्लभा सीतालाई पनि पाउनुभयो ।

आफ्नो राज्य नष्ट भएपछि जब पाण्डवहरू वनतिर लागे कुन्तीले १२ वर्षसम्म हस्तिनापुरमा रहेर यो व्रत गरिन् ।

यसै व्रतका प्रभावले गर्दा उनका पाँचै पुत्रहरू फर्किएर आए साथै युद्धमा विजयका साथै खोसिएको आफ्नो राज्य पुनः प्राप्त गरे ।

महाभारतयुद्धको प्रारंभमा नै भगवान् वासुदेवले युद्ध जित्नका लागि माताको स्तुति गरेर मात्र युद्ध सुरु गर्न अर्जुनलाई आदेश दिनुभएको थियो ॥७-१३॥

सत्य, त्रेता र द्वापरयुगमा पनि धेरै देव, मनुष्य राजाहरूले सन्तोषीमाताको व्रत गरेका छन् यसमा कुनै सन्देह छैन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अदितेरभवन् भूयः पुत्रा इन्द्रादयः पुरा ।
बलिना तु हृतं तेषां तद्राज्यं त्रिदशालयम् ॥१५॥
ततः पलायनं कृत्वा देवा भूमितलं गताः ।
अदितिः पीडिता भूत्वा गता कश्यपसन्निधिम् ॥१६॥
पुत्राणां विरहाद् दुःखे पतितास्मि कथं प्रभोः ।
उद्धारो जायतां नूनं कृपया वक्तुमर्हसि ॥१७॥
पत्न्यास्तद् दुःखमालोक्य भगवान् कश्यपो मुनिः ।
ऊचे पयोव्रतं मातुरेकवर्षात्मकं तदा ॥१८॥
ततो द्वादशमासेषु पयोव्रतपुरःसरम् ।
अदितिरकरोत् पूजां मातुर्व्रतपरायणा ॥१९॥

देवमाता अदितिका इन्द्रलगायत धेरै पुत्रहरू (देवता) भए, उनीहरूको स्वर्गराज्य अत्यन्त सुखद एवं प्रसिद्ध छ । त्यसलाई राजा बलिले आफ्नो अधीनमा पारे । अब देवताहरू अर्कै रूप धारण गरेर पृथिवीमा लुकेर बस्न थाले । त्यो देखेर अदिति सारै दुःखी भइन् र आफ्ना पति कश्यपसँग सोधिन्- हे प्रभु ! मेरा पुत्रहरूले धेरै नै दुःख पाए कृपया उनीहरूका उद्धारको उपाय बताइदिनुहोस् ।

आफ्नी पत्नीको त्यस्तो दुःख देखेर ऋषि कश्यपले उनलाई एकवर्ष लामो 'पयोव्रत' (दूधमात्र खाएर गर्ने व्रत)को उपदेश गर्नुभयो जुन माताको आराधना नै थियो । त्यसपछि माता अदितिले भगवती सन्तोषीमाताको एक वर्षसम्म केवल दूधमात्र खाएर आराधना गर्दै यो व्रत सम्पन्न गर्नुभयो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तस्या व्रतप्रभावेण विष्णुं र्वामनतां ययौ ।
उपेन्द्रत्वेन देवानां कार्यं तेन कृतं भुवि ।
कृत्यं विचित्रकं तस्य त्रिलोके विश्रुतं मतम् ॥२०॥
बलिर्निष्काशितः स्वर्गात् पातालं प्रापितस्तथा ।
स्वर्लोकं प्राप्तवानिन्द्रो देवा हव्यभुजोऽभवन् ॥२१॥
इत्थं माहात्म्यबाहुल्यं श्रीमातुः किल विद्यते ॥
श्रद्धया नियमात् तस्या व्रतात् सिद्धिरवाप्यते ॥२२॥
न सन्तोषी समा माता न सन्तोष्याः परं व्रतम् ।
अप्राप्यं भूतले नास्ति श्रीसन्तोषीप्रसादतः ॥२३॥

॥ॐ तत्सदिति श्रीसन्तोषीमातृचरिते मातृकृपावर्णनं नाम सप्तमोऽध्यायः॥

त्यस 'पयोव्रत'का प्रभावले विराट्स्वरूप भगवान्ले इन्द्रको भाइको रूपमा वामन अवतार धारण गर्नुभयो साथै देवताहरूको काम गर्नुभयो । उहाँको त्यो विचित्र कृत्य तीनै लोकमा अत्यन्त प्रसिद्ध नै छ ॥१४-२०॥

भगवान् वामनले राजा बलिलाई स्वर्गबाट निकाल्नुमात्र भएन पाताल पनि पुऱ्याइदिनुभयो । इन्द्रादि देवताहरूले स्वर्ग प्राप्त गरेर हव्य आदि भोजन पनि पूर्ववत् पाउन थाले ।

यसरी आमाका धेरै माहात्म्यहरू अति नै प्रसिद्ध छन् नियमपूर्वक श्रद्धाले आराधना गर्दा समग्र सिद्धिहरू स्वतः प्राप्त हुन्छन् ।

श्रीसन्तोषीमाता समान माता अर्की छैनन् । सन्तोषीको व्रत जस्तो अर्को व्रत पनि छैन । श्रीसन्तोषीमाताका कृपाद्वारा पृथिवीमा अप्राप्य केही पनि छैन ॥२१-२३॥

सातौं अध्याय पूर्ण भयो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथाष्टमोऽध्यायः

आसीद् रत्नाकरो राजा काश्मीरे बहुविश्रुतः ।
समृद्धमभवद्राज्यं तस्य कोषादिभिस्तथा ॥१॥
न पुत्रो न च पुत्र्यासीत् तेन दुःखेन दुःखितः।
बहुकालं तपस्तेपे सन्तोष्या व्रतपूवर्कम् ॥२॥
तस्य राज्ञस्तपस्तुष्टा माता साक्षात् समागता ।
सा प्रोवाच नृपं सद्यो वरं वरय काङ्क्षितम् ॥३॥
सन्ततिर्नास्ति मे मातर्जगदम्बे कृपां कुरु ।
तया हीनः कथं सौख्यं प्राप्नुयामम्ब साम्प्रतम् ॥४॥

अष्टम अध्याय

काश्मीरमा रत्नाकर नाम गरेका अत्यन्त प्रसिद्ध राजा थिए । उनको राज्य अत्यन्त समृद्ध थियो कोष पनि धेरै नै थियो । बलशाली राज्य मानिन्थ्यो तर दुर्भाग्यले गर्दा उनको न छोरो नै भयो न त छोरी नै । यसरी सन्तान अभावले गर्दा धेरै लामो समयसम्म उनले भगवती सन्तोषीमाताको व्रतपूर्वक आराधना गरे ।

ती राजाका तपस्याद्वारा खुसी भएर माता आफैं नै वरदान दिन राजाका सामु पुग्नुभयो र राजालाई इच्छाअनुसारको वर माग्नका लागि आज्ञा गर्नुभयो । माताको त्यस्तो वचन सुनेर राजाले बडो विनम्र भएर श्रद्धापूर्वक भने- हे आमा ! मलाई कृपा गर्नुहोस् । अहिलेसम्म मेरो कुनै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तस्य तद्वचनं श्रुत्वा जगदम्बा जगाद ह ।
वत्स प्रीतास्मि ते भक्त्या किन्तु त्रिष्वपि जन्मसु ।
सन्ततिर्नास्ति त्वद्भाग्ये विजानीहि यथार्थतः ॥५॥
परं मम व्रतं नैव निष्फलं जायते क्वचित् ।
तस्मादहं भविष्यामि पुत्री तव नृप स्वयम् ॥६॥
परन्तु नववर्षेसु तपसे गिरिगह्वरम् ।
यास्यामि नरशार्दूल तदा बाधा भवेन्न हि ॥७॥
न रोचते बलिर्मह्यं नाद्यारभ्य क्वचित् त्वया ॥
कर्तव्य इति चादिश्य माता ह्यदृश्यतां गता ॥८॥
तद्दिनाद्दशमे मासे सन्तोषी पुत्रीरूपतः ।
आविर्बभूव वै राज्ञः प्राङ्गणे जगदम्बिका ॥९॥

सन्तान छैन । सन्तानहीन भएर कसरी सुख प्राप्त गर्न सक्तछु र ? त्यसैले हे आमा ! कृपा गर्नुहोस् । राजाका यस्ता कारुणिक वचन सुनेर माता सन्तोषीले भन्नुभयो- हे बाबु ! तिम्रा भक्तिले म प्रसन्न भएँ तर तिम्रो जन्मान्तरको कुनै विपाकले गर्दा तीन जन्मसम्म तिम्रो भाग्यमा सन्तान सुख छैन यो कुरा तिमी राम्ररी बुझ । हे राजन् ! परन्तु मेरो व्रत कहिल्यै पनि निष्फल हुँदैन यो पनि बुझ । त्यसैले अब म आफैं नै तिम्री छोरी भएर जन्म लिनेछु । साथै जब म नौ वर्षकी हुनेछु तपस्या गर्नका लागि पर्वत गुफामा जानेछु त्यस बेला तिमीले कुनै विघ्न नगर्नू ॥१-७॥

हे राजन् ! मलाई बलि मन पर्दैन त्यसैले तिमीले आजदेखि राज्यमा समग्र बलि निषेध गर्नू यस्तो आदेश दिएर माता अन्तर्ध्यान हुनुभयो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अपर्णा जननी सैव नवाब्दकालमागता ।
त्यक्त्वा नृपाङ्गणं तस्माज्जगाम गिरिगह्वरम् ॥१०॥
त्रिकूटपर्वतं गत्वा गह्वरं सा विवेश ह ।
अद्यापि सा जगन्माता तत्रैव राजते सुखम् ॥११॥
सैव माता प्रसिद्धास्ति वैष्णवीदेवी नामतः ।
काश्मीरे दर्शनं तस्या दुःखनाशाय जायते ॥१२॥
इदानीमपि भूयांसः श्रद्धया यान्ति काश्मिरम् ।
मातारं वैष्णवीं द्रष्टुं मनोवाञ्छाप्रपूर्तये ॥१३॥
वैष्णव्या दर्शनं कर्तुं ये चापि यान्ति भक्तितः ।
तेषां पूर्णा भवन्त्येव मनोवाञ्छा न संशयः ॥१४॥

त्यसै दिनबाट दशौं महिनामा आफैं नै सन्तोषीमाता राजाकी छोरीका रूपमा जन्म लिन पुग्नुभयो । तिनै अपर्णा भगवती यसरी राजाका आँगनमा ९ वर्षसम्म नाच खेल आदि बाललीला गरेर त्यसपछि राजाको प्रासाद छोडेर पर्वत गुफातिर लाग्नुभयो ।

त्यसपछि त्रिकूट नामक पर्वतमा अवस्थित गुफामा बस्न थाल्नुभयो । आज पनि माता त्यहीँ नै हुनुहुन्छ। उनै माता वैष्णोदेवी नामले प्रसिद्ध हुनुहुन्छ- उहाँको दर्शन गर्नाले मात्र पनि दुःख नाश हुन्छ ।

आजभोलि पनि धेरै धेरै श्रद्धालुहरू भक्तिपूर्वक माताको दर्शनार्थ काश्मीरमा अवस्थित त्रिकूट पर्वतमा जाने गर्दछन्, जहाँ माता वैष्णोदेवीको दर्शनद्वारा मनःकामनाहरू पूर्ण हुन्छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इत्थं सन्तोषीमातैव वैष्णवीति विदुर्बुधाः ।
तां नौमि भक्तितो भूयः सर्वदुःखनिवृत्तये ॥१५॥

॥ॐ तत्सदिति श्रीसन्तोषीमातृचरिते वैष्णवीदेवीवर्णनं
नामाष्टमोध्यायः॥

वैष्णवीमाताको दर्शन गर्न जो त्यहाँ भक्तिपूर्वक जान्छन्, तिनका मनका आकाङ्क्षाहरू पूर्ण हुन्छन् नै, यसमा कुनै सन्देह छैन ।

यसरी सन्तोषी माता नै वैष्णोदेवी हुनुहुन्छ भनेर विद्वान्हरूले बुझेका छन् । त्यस्ती आराध्या भगवती वैष्णवीदेवीलाई भक्तिपूर्वक समग्र दुःखनाशका लागि प्रणाम गर्दछु ॥८-१५॥

आठौँ अध्याय पूर्ण भयो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ नवमोऽध्यायः

कलौ युगे तु सन्तोषीमाता लोकहिताय वै ।
आविर्बभूव सर्वादौ क्षेत्रे पञ्चनदात्मके ॥१॥
आसीद्राजा सुविख्यातः पार्थो राज्ञी तु दुर्पका ।
तयोः सुलोचना नाम्नी पुत्र्यभूत् सुखदायिनी ॥२॥
सा पूर्वमप्सरा चासीत् कस्यचित्तु मुनेः पुरा ।
शापाद् मनुष्ययोनित्वमापन्नाभूत् कथञ्चन ॥३॥
यदा सा युवती जाता तां द्रष्टुं स्वर्गतः स्वयम् ।
यातो वैद्यस्तु चाश्विनीकुमारस्तद्गृहं पुनः ॥४॥

नवम अध्याय

यस कलियुगमा लोककल्याणका लागि सन्तोषीमाता सर्वप्रथम पञ्जाब क्षेत्रमा अवतरित हुनुभयो ।

त्यहाँ एकजना अतिप्रसिद्ध राजा थिए जसको नाम पार्थ थियो । उनकी पत्नी महारानी 'दुर्पका' नाम गरेकी थिइन् । उनीहरूकी एउटै मात्र सन्तान थिइन् तिनको नाम थियो- सुलोचना ।

ती सुलोचना पूर्वजन्ममा अप्सरा थिइन् र कुनै ऋषिका शापले गर्दा मनुष्ययोनिमा आइपुगेकी थिइन् ।

जब उनी युवती भइन् त्यसैवेला स्वर्गबाट उनलाई भेट्न स्वयं स्वर्गका वैद्य अश्विनीकुमार त्यहाँ आउनुभयो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तस्याः सुरूपमालोक्य मोहादेष भिषग्वरः ।
मत्वा चाप्सरसं कन्यां देववैद्यस्तु कामतः ।
विवाहं कुरु कल्याणि मया साकमुवाच ह ॥५॥
तस्य तद्वचनं श्रुत्वा विमना सा वभूव ह ।
अहं मनुष्ययोनित्वमापन्नास्मि भिषग्वर ! ॥६॥
नाहमिच्छामि चोद्वाहं देवेन सह सम्प्रति ।
तेनैव गम्यतां देव नाहं स्वर्गस्य सुन्दरी ॥७॥
तस्याः तद्वचनं श्रुत्वा देववैद्यश्चुकोप ह ।
कोपेन चाददात् शापं तस्यै देवो भिषग्वरः ॥८॥
मत्प्रभावमविज्ञाय देवं त्वं मां विकत्थसे ।
भूयात्तव पतिर्भिक्षुः कुरूपो वृद्धब्राह्मणः ॥९॥

उनको अत्यन्त सुन्दर रूप देखेर उनी मोहित हुन पुगे र उनलाई स्वर्गकी अप्सरा नै मानेर मुग्ध बनेका स्वर्गका वैद्य अश्विनीकुमारले मसँग विवाह गर भनेर विवाहको प्रस्ताव राखे। उनको त्यस्तो अप्रत्याशित वचन सुनेर उनी दु:खी भइन् र भनिन् हे अश्विनीकुमार ! म अहिले मनुष्य भएर जन्मिएकी छु त्यसैले म कुनै देवतासँग विवाह गर्न चाहन्न, तपाइँ जानुहोस् म स्वर्गकी अप्सरा अहिले होइन भनेर उनको वचन ठाडै अस्वीकार गरिन् ॥१-७॥

उनको त्यस्तो रुखो वचन सुनेर अश्विनीकुमार अत्यन्त क्रोधित हुन पुगे, साथै ती वैद्यले उनलाई श्राप दिए । हे सुन्दरी ! मेरो प्रभावलाई न जानेर तिमीले मेरो अपमान गर्‍यौ म तिमिलाई यो श्राप दिन्छु- त्यसैले कुनै कुरूप, दरिद्र एवं बूढो ब्राह्मण तिम्रो पति होस् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इत्युक्त्वा चागमच्छ्रीघ्रं वैद्यराजस्तु तद्गृहात् ।
स्वभाग्यस्य फलं मत्वा सा न चिन्तातुराऽभवत् ॥१०॥
केवलं सा तपस्तप्तुं मनस्विनी कथञ्चन ।
चिन्तातुराऽभवत् यस्मात् तपो हि दुरतिक्रमम् ॥११॥
बहूनि किल वर्षाणि स्थिता तपसि सा यतः ।
उद्वाहार्थं तु पितरावास्तां चिन्तातुरौ तदा ॥१२॥
वैद्यशापप्रभावेण न तुल्यश्चाययौ वरः ।
तां विहाय न वै कश्चिज्ज्ञातवान् शापकारणम् ।
अन्यान्नोक्तवती बाला हृदि तद्धारयाम्बभौ ॥१३॥

॥ॐ तत्सदिति श्रीसन्तोषीमातृचरिते सुलोचनाशापवर्णनं नाम नवमोऽध्यायः॥

यस्तो शाप दिएर तत्काल अश्विनीकुमार त्यहाँबाट निस्किएर गए । यता राजकन्याले पनि आफ्नो भाग्यको फल यस्तै रहेछ भनेर चित्त बुझाइन् ।

केवल तपस्या गर्नका लागि ती मनस्विनी राजकुमारी विचार गर्न थालिन्, किनभने सबैभन्दा ठूलो तपस्या नै हो ।

त्यसपछि धेरै वर्षसम्म उनी तपस्यामा संलग्न भइन् । उनका आमा बाबु भने उनको विवाहका लागि चिन्तित हुन थालेका थिए ।

उता अश्विनीकुमारका शापले उनका लागि गर्दा कुनै उचित वर मिलिरहेको थिएन । त्यो सरापको विषय पनि उनीवाहेक कसैले बुझेको थिएन । त्यो कुरा उनले कसैलाई पनि भनिनन् र आफ्ना मनमा लुकाएर राखि नै रहिन् ॥८-१३॥

नवौं अध्याय पूर्ण भयो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ दशमोऽध्यायः

आसीत् काश्यपगोत्रस्थो ब्राह्मणो वेदपारगः ।
तितिक्षुर्विष्णुशर्माख्यो धनहीनो न संशयः ॥१॥
अतिलोभादहङ्काराद् ह्यदानाच्चापि पण्डितः ।
दरिद्राणां कुले जातस्तेन चार्तो बभूव ह ॥२॥
सम्प्राप्तयौवनश्चासौ न काञ्चित् प्राप्तवान् प्रियाम् ।
विवाहार्थमसौ भूयो भ्रममाणस्तदाऽभवत् ॥३॥
न द्रव्यं न गृहं तस्य पितरौ च दिवङ्गतौ ।
सर्वलक्षणहीनोऽसौ विष्णुशर्मा ह्यजायत ॥४॥

दशम अध्याय

एकजना काश्यपगोत्रमा जन्मिएका, वेदमा पारङ्गत, सहनशील, विष्णुशर्मा नामक अत्यन्त दरिद्र ब्राह्मण थिए । उनी दरिद्र हुनुमा- उनले पूर्वजन्ममा गरेका अतिलोभ, अहङ्कार, दान धर्म नगर्नु नै कारण रहेका थिए । त्यसैले उनी यस जन्ममा दरिद्र कुलमा जन्मिएर अत्यन्त दुःखी थिए ।

जब उनी यौवन अवस्थामा थिए विवाह गर्नका लागि कहीँ कुनै कन्या पाउन सकेनन् र उनी वरपर त्यसै भौंतारिन थाले ।

उनीसँग धन, घर केही थिएन र क्रमशः आमा-बाबु पनि दिवङ्गत भए । त्यसैले यिनी अव सबै दुर्भाग्यका लक्षणले युक्त हुन पुगे ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निर्धनो निष्कुटुम्बश्च निर्वृत्तिश्च कथञ्चन ।
समयं हापयन् विप्रः प्रारब्धवशगो बभौ ॥५॥
तथापि पूर्वसंस्कारवशादेष महाशयः ।
नित्यनैमित्तिकं कर्म न तत्याज कथञ्चन ॥६॥
इत्थं कालद्वयं तस्य व्यतीतं भार्यया विना ।
काले तृतीयके तस्य प्रवेशोऽभून्नसंशयः ॥७॥
एकदा भ्रममाणोऽसौ पार्थभूपतिप्राङ्गणम् ।
यदृच्छयैव संप्राप्तो घुणाक्षरात्मलीलया ॥८॥
विप्रं निर्द्रव्यकं नित्यकर्मण्यविरतं रतम् ।
विलोक्य श्रद्धयोवाच पार्थो भूमिपतिस्तदा ॥९॥

यिनी निर्धन, बन्धुबान्धवरहित, वृत्तिहीन भएर मानो प्रारब्धको वशमा परेर समय बिताउन थाले झैं भए। त्यस्तै अवस्थामा पनि पूर्वजन्मको संस्कारवश नित्य एवं नैमित्तिक कर्म भने यिनले छोडेनन्।

यसरी नै दुई काल अर्थात् ब्रह्मचर्य आश्रम तथा गृहस्थाश्रमका लागि निर्दिष्ट समय ५० वर्षको उमेर यिनको पूरा भयो र अब अर्को तेस्रो वानप्रस्थ आश्रमको समयमा यिनी आइपुगेका थिए ।

त्यसै भ्रमणकै क्रममा यिनी बिना कुनै विचार काकताली परेर राजा पार्थका महलमा पुगेछन् ॥१-८॥

नित्य कर्ममा अडिग भैकन पनि दरिद्र ब्राह्मणलाई देखेर राजा पार्थले श्रद्धापूर्वक सोधेछन्- हे ब्राह्मण देवता ! किन एक्लै एक्लै घुम्दै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

किमर्थं विप्र चैकाकी भ्रममाणोऽसि साम्प्रतम् ।
कथं न छन्दगा भार्या गृहीताभूत् त्वया प्रभोः ! ॥१०॥
किमीष्यते त्वया विप्र मत्सकाशाच्च सम्प्रति ।
निशङ्कमुच्यतां सर्वं पूरयिष्ये मनोरथम् ॥११॥
इति राज्ञो वचः श्रुत्वा स जगाद स्फुटं तदा ।
भार्यामिच्छामि सदृशीं राजन् त्वं यदि मन्यसे ॥१२॥
पाणिं ग्राहय ते पुत्र्या भूपाल विधिपूर्वकम् ।
अलब्ध्वा सुन्दरीं भार्यां दुःखितोऽस्मि न संशयः ॥१३॥
तस्य तद् वचनं श्रुत्वा सुशोच भूपतिर्भृशम् ।
अभूवन् राजदाराश्च शोकसंतप्तमानसाः ॥१४॥

हुनुहुन्छ ! किन विवाह गर्नु भएन ? किन पारिवारिक जीवनतिर लाग्नु भएन- साथै हे ब्राह्मण म बाट के चाहनुहुन्छ ? निःसंकोच भन्नुहोस्- म तपाइको इच्छा पूरा गरिदिने छु । राजाका यस्ता प्रियवचन सुनेर स्पष्ट रूपमा उनले भने- हे राजन् यदि तपाइले मेरो इच्छा पूरा गर्ने हो भने म पत्नी चाहन्छु त्यसैले हे महाराज आफ्नी पुत्रीसँग मेरो विवाह गराइदिनुहोस् किनभने पत्नी बिना म अत्यन्त दुःखी भएको छु ।

ब्राह्मणको अप्रत्याशित वचन सुनेर राजा सारै नै दुःखी भए र सबै परिवारसहित रानीहरू पनि पीडित भए । जब राजकुमारीले विस्तारपूर्वक यो सबै सुनिन् उनले मधुर वाणीले आफ्ना आमा-बुबा र कुलकुटुम्ब समक्ष यसो भनिन्-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राजपुत्री तु तत्सर्वं श्रुत्वा विस्तरतस्तदा ।
प्राह मधुरया वाचा पितरौ शोकमानसौ ॥१५॥
नूनं कष्टकरं वृत्तं जायते भवतोर्यतः ।
रहस्यं विद्यते तात ब्राह्मणस्य तु याचने ॥१६॥
यदाहं युवती जाता श्रीकुमारस्य चाश्विनेः ।
शापं प्राप्तवती तस्मादेतत् सर्वं प्रजायते ॥१७॥
शापवृत्तान्तमाख्याय पुनः प्राह सुलोचना ।
पितरौ दीयतां तस्मै पाणिर्मे विधिपूर्वकम् ॥१८॥
विप्रेण लप्स्यते भार्या मम शापश्च नङ्क्षति ।
युवाभ्यां नैव कर्तव्या चिन्ता मम कथञ्चन ॥१९॥

निश्चय पनि हे पिता ! यो विषयले तपाइँहरूलाई सारै दुःखी तुल्याएको छ । तर ब्राह्मणले मलाई माग्नुका पछाडी गम्भीर रहस्य छ त्यो म निवेदन गर्न चाहन्छु ॥९-१६॥

त्यसपछि राजकुमारीले भनिन्-

जब म युवती भएँ, त्यसैबेला स्वर्गबाट आएका अश्विनीकुमारले मलाई सराप दिएका थिए त्यसैले यस्तो भएको हो भन्दै उनले आफ्नो श्रापको समग्र रहस्य आफ्ना आमा बुवा लाई भनिन् र आफ्नो विवाह ब्राह्मणसँग गरिदिन निवेदन गरिन् । किनकी मेरो विवाहले ब्राह्मणले पत्नी पाउनेछन् र मेरो श्राप पनि नष्ट हुने छ। त्यसैले मेरो कुनै चिन्ता नगर्नुहोस् मैले पूर्वजन्मको समग्र कर्म सकिनै रहेकी छु र त्यो भोग्न म तत्पर छु।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्मरामि सकलं वृत्तं पूर्वजन्मसु यत्कृतम् ।
भोगाय सकलं शापं तत्परास्मि न संशयः ॥२०॥
ततः परं तयोर्जातो विवाहो विधिपूर्वकम् ।
राजकन्यां गृहीत्वैव स ययौ नृपप्राङ्गणात् ॥२१॥
भिक्षया जीवितं ताभ्यां धनाभावेन दुःखतः ।
न गृहं न च पुत्रोऽभूत् न मानं न च गौरवम् ॥२२॥
दारिद्र्यकारणात् सर्वं विलुप्तं च तयोर्यशः ।
महद्दुःखेन क्लेशेन दीर्घकालोऽतिवाहितः ॥२३॥
इत्थं बहूनि वर्षाणि चातिबाह्याग्रवर्णकः ।
चिन्तामग्नमनश्चासौ सुविचार्य पुनःपुनः ॥२४॥

त्यसपछि उनीहरूको विवाह सम्पन्न भयो । राजपुत्रीलाइ लिएर ब्राह्मण त्यहाँबाट हिँडे । उनीहरूसँग भएको धन क्रमशः समाप्त भयो र बिस्तारै भिक्षाद्वारा उनीहरू दुःखले जीवन यापन गर्न थाले । त्यसरी धन नहुनाले राम्रो घर, मान-सम्मान आदि केही भएन साथै सन्तान पनि हुन सकेन । दरिद्रताले गर्दा उनीहरूको यश पनि विलुप्त भयो । यस्ता भयङ्कर दुःखले लामो समय उनीहरूले बिताए ॥१७-२३॥

यसरी धेरैवर्ष बिताएर यी ब्राह्मण गम्भीर चिन्तामा निमग्न हुन पुगे र बारम्बार विचार गरेर प्राणभन्दा पनि प्रिय पत्नीलाई भन्दछन्- हे देवि ! अब ठूलो तपस्या गर्नका लागि गङ्गातटमा हरिद्वारतिर जानु नै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भार्यां प्राह प्रियां स्वीयप्राणादपि च वल्लभाम् ।
तपोहीनेन विप्रेण न किञ्चित् किल लभ्यते ॥२५॥
तपसा साध्यते सर्वं तपो हि दुरतिक्रमम् ।
तद्यामः सुन्दरि ! गङ्गाद्वारं कर्तुं तपो महत् ॥२६॥
पत्युस्तद्वचनं श्रुत्वा राजपुत्री पतिव्रता ।
मनस्विनी तपस्तप्तुं सन्नद्धाभूत् प्रमोदिता ॥२७॥

॥ॐ तत्सदिति श्रीसन्तोषीमातृचरिते राजपुत्रीपाणिग्रहणं नाम दशमोऽध्यायः॥

उचित छ । किनभने तपस्याहीन ब्राह्मणले केही पाउन सकिँदो रहेनछ । तपस्याले सबै प्राप्त गर्न सकिन्छ । आफ्ना पतिको त्यस्तो वचन सुनेर पतिव्रता पत्नी पनि प्रसन्नताका साथ तपस्यामा लाग्न तत्पर भइन् ॥२४-२७॥

दशौं अध्याय पूर्ण भयो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथैकादशोऽध्यायः

एवं क्रमेण तौ यातौ पुण्यप्रारब्धप्रेरितौ ।
तपस्तप्तुं तदा भूयो हरिद्वारं कथञ्चन ॥१॥
तयोस्तद्दुःखमालोक्य भगवान् लोमशो मुनिः ।
आविर्बभूव कृपया ह्युभयोः पुरतः स्वयम् ॥२॥
अवदत् विप्र ते दुःखं ज्ञातवानस्मि साम्प्रतम् ।
सर्वदुःखप्रहाणाय रहस्यं तन्निबोधत ॥३॥
प्राणिनामार्तिनाशाय युगेऽस्मिन् पार्वती स्वयम् ।
माता सन्तोषी सञ्जाता या दुर्गा कथिता पुरा ॥४॥

एकादश अध्याय

यसपछि यी दुवै दम्पती तपस्याका लागि पुण्य प्रारब्धका प्रेरणाद्वारा हरिद्वार गए ।

ती दुबैको त्यो दुःख देखेर भगवान् लोमशमुनि आफैं नै तिनका समीपमा पुग्नुभयो र ऋषिले भन्नुभयो हे ब्राह्मण तिम्रो दुःख मैले बुझेको छु, म तिमीलाई तिम्रो त्यो दुःख नाश गर्ने रहस्य बताउन चाहन्छु ।

यस युगमा प्राणीहरूको दुःखनाशार्थ भगवती पार्वतीमाता आफैं सन्तोषीमाताका रूपमा अवतरित हुनभएको छ, जुन दुर्गा भनिन्छ उहाँको पहिलोरूप नै सन्तोषीमाता हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तामेव शरणं गच्छ सर्वभावेन ब्राह्मण ।
त्रिषु वर्षेषु ते दुःखं दौर्भाग्यञ्च समाप्स्यते ॥५॥
तस्य तद् वचनं श्रुत्वा विधिं ज्ञात्वा यथार्थतः ।
भार्यया सहितो विप्रश्चकार व्रतमुत्तमम् ॥६॥
प्रत्यहं प्रातरुत्थाय गङ्गास्नानं विधाय च ।
पूजयामास सन्तोषीमातरं विधिपूर्वकम् ॥७॥
वासरे भार्गवे चैकभक्त्या जपपुरःसरम् ।
निरम्लभोजनं चैकवारमेव चकार सः ॥८॥
प्रार्थना चाथ पूजापि जपश्च भक्तिपूर्वकम् ।
त्रिवर्षं विधिवत्तेन कृत इत्यवधार्यताम् ॥९॥

तिनै माताको पूर्ण समर्पणपूर्वक शरणमा जाऊ, यसरी तीनवर्षसम्म आराधना गर्नाले तिम्रा सबै दुःख नष्ट हुनेछन् । महर्षि लोमशको यस्तो वचन सुनेर उहाँबाट नै यथार्थ विधि बुझेर आफ्नी भार्यासहित ब्राह्मणले भक्ति सम्पन्न भएर व्रताचरण शुरु गरे ।

प्रतिदिन विहान उठेपछि गङ्गास्नान गरेर विधिपूर्वक ती दम्पती सन्तोषीमाताको पूजा गर्दथे र प्रत्येक शुक्रवार भक्तिपूर्वक व्रत गर्दथे अनि अमिलोरहित भोजन एकपटक मात्र गर्दथे ॥१-८॥

यसरी नै प्रार्थना पूजा र जप पनि भक्तिपूर्वक तीन वर्षसम्म उनीहरूले गरि नै रहे । उनीहरूको त्यो दुःख एवं तपस्यालाई बुझेर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तयोस्तद् व्रतमन्वीक्ष्य कृपया स भिषग्वरः ।
ययौ ब्राह्मणवेषेण ह्येकदा च तयोः पुरः ॥१०॥
उवाच विप्र ते दुःखं जानामि सकलं त्वहम् ।
राज्यपुत्र्याश्च धर्मेण नूनं प्रीतोऽस्मि साम्प्रतम् ॥११॥
सर्वोत्तमोऽस्ति धर्मेषु धर्मश्चैष पतिव्रता ।
अनेन किल धर्मेण सावित्री स्वमृतं पतिम् ।
पुनः प्राप्तवती नूनं यमहस्तान्न संशयः ॥१२॥
अहं वैद्योऽस्मि स्वर्गस्य यः शापं दत्तवान् पुरा ।
तेन ब्राह्मणि ते चाद्य स शापस्तु समाप्यते ।
सदृशं ते पतिं कुर्यां सुरूपं युवकं वरम् ॥१३॥

पैला राजपुत्रीलाई शाप दिने अश्विनीकुमार पनि ब्राह्मण वेश धारण गरेर एकदिन त्यहाँ आए । उनले भने- हे ब्राह्मण ! म तिम्रो सबै दुःख जान्दछु । राजपुत्रीका धर्मले गर्दा म अत्यन्त खुसी भएको छु । सबै धर्महरूमा पतिव्रता धर्म महान् धर्म हो । यसै धर्मका कारणले सावित्रीले आफ्ना मरेका पतिलाई यमराजका हातबाट छुटाएर ल्याएकी थिइन् ।

म स्वर्गको वैद्य अश्विनीकुमार हुँ, मैले पहिले राजकन्या (तिमीलाई) शाप दिएको थियैं, त्यसैले हे ब्राह्मणपत्नी ! तिम्रो त्यो शाप आज सकिँदैछ म तिम्रो पतिलाई पनि तिम्रो योग्य सुरूप युवक बनाइदिन्छु । यसो भनेर ती वैद्यराजले अगाडी नै बसेका ब्राह्मणलाई रूप सम्पतिले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इत्युक्त्वा वैद्यराजोऽसौ ब्राह्मणं पुरतः स्थितम् ।
युवानं रूपसम्पत्या युक्तं सम्पादयत्तदा ॥१४॥
आशीर्वादं तयोर्भूयः प्रदाय स भिषग्वरः ।
अदृश्यतां गतः सद्यः तौ च ह्याश्चर्यतां गतौ ॥१५॥
तयोस्तु सकलं वृत्तं तदानीं परिवर्तितम् ।
सन्तोषीमातृकृपया हेति ताभ्यां विनिश्चितम् ॥१६॥

॥ॐ तत्सदिति श्रीसन्तोषीमातृचरिते शापविमोको नामै-
कादशोऽध्यायः॥

युक्त युवा बनाइदिए । त्यसपछि दुबैलाई आशीर्वाद दिएर त्यहाँबाट गए । ती दम्पतीको आश्चर्यको ठेगान नै रहेन ।

उनीहरूको समग्र जीवन नै भिन्न भयो, परिवर्तित हुन पुग्यो, त्यसमा माताको कृपा नै मूलकारण हो भन्ने उनीहरूले निश्चय गरे ॥९-१६॥

एघारौं अध्याय पूर्ण भयो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ द्वादशोऽध्यायः

इत्थं तौ मातरं भक्त्या पूजयामासतुः क्रमात् ।
तस्या व्रतप्रभावेण माता प्रीता बभूव ह ॥१॥
ब्रह्माण्डरक्षिका माता सन्तोषी स्वयमेव हि ।
आययौ दर्शनं दातुं तयोर्भक्त्या न संशयः ॥२॥
प्रेम्णा प्रोवाच पुरतो ब्राह्मणं जननी स्वयम् ।
किमीष्यते त्वया विप्र प्रीतास्मि तव पूजनात् ॥३॥
मातुस्तद् वचनं श्रुत्वा प्रोवाच ब्राह्मणस्तदा ।
धनं पुत्रञ्च वाञ्छामि मातस्तव प्रसादतः ॥४॥

द्वादश अध्याय

यसै क्रमले तिनीहरूले माताको आराधना गरी नै रहे । त्यस गम्भीर व्रतका प्रभावले गर्दा माता प्रसन्न हुनुभयो ।

समग्र ब्रह्माण्डकी रक्षिका माता सन्तोषी आफैं दर्शन दिनका लागि उनीहरूका भक्तिका वशमा परेर आउनुभयो ।

अगाडी आएर भन्नुभयो- हे ब्राह्मण ! तिम्रा आराधनाले म प्रसन्न भएकी छु । तिम्रो के इच्छा छ भन । माताको त्यस्तो वचन सुनेर गद्गद् हुँदै मातालाई प्रणामपूर्वक ब्राह्मणले भने- हे आमा ! मलाई धन र पुत्र चाहिएको छ, हजुरका कृपाद्वारा मात्र त्यो सम्भव छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सन्तानधनहीनेन न सुखं लभ्यते क्वचित् ।
कृपया दीयतां मातर्ह्युभयञ्चेति प्रोक्तवान् ॥५॥
तस्य तद्वचनं श्रुत्वा तथास्त्विति स्फुटं तदा ।
जगदम्बा दरं दत्वा सद्यो ह्यदृश्यतां गता ॥६॥
धनं बहुविधं ताभ्यां सुखं चापि महत्तमम् ।
यशश्चापि च संप्राप्तं श्रीसन्तोषीप्रसादतः ॥७॥
सम्मानं बहुधा लोके ताभ्यां प्राप्तं ह्यकल्पितम् ।
सुपुत्रश्चापि संलब्धः श्रीसन्तोषीप्रसादतः ॥८॥

॥ॐ तत्सदिति श्रीसन्तोषीमातृचरिते ब्राह्मणवरप्राप्तिर्नाम द्वादशोऽध्यायः॥

सन्तान एवं धनरहित व्यक्तिले कहिल्यै सुख पाउन सक्दैन त्यसैले हे आमा ! कृपा गरेर यी दुबै चीज मलाई दिनुहोस् ।

उनको त्यो याचनात्मक स्वर सुनेपछि "तथास्तु" भनेर जननी सन्तोषीमाता तत्काल त्यहाँबाट अदृश्य हुनुभयो । त्यसपछि तिनीहरूले भिन्नभिन्न प्रकारका धेरै धन प्राप्त गरे । सुख पाए, यश पनि माताका कृपाले प्राप्त गरे । साथै धेरै लौकिक सम्मान पनि पाए । माताका कृपाले उनीहरूको पुत्र पनि भयो ॥१-८॥

बाह्रौं अध्याय पूर्ण भयो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ त्रयोदशोऽध्यायः

अतः परं तयोर्भूयो लोके सम्मानतस्तथा ।
श्रीमातृचरितं रम्यं प्रसारितमभूत्ततः ॥१॥
नृपेणामन्त्रितश्चैष ब्राह्मणो बहुश्रद्धया ।
पूजितो मानितश्चापि श्रीसन्तोष्याः प्रभावतः ॥२॥
निर्वृत्तिर्वृत्तिमाञ्जातो निष्पुत्रः पुत्रवाँस्तथा ।
निर्धनो धनवाञ्जातः श्रीसन्तोषीप्रसादतः ॥३॥
कुरूपो दुर्भगो हीनः श्रिया सम्प्रति रूपवान् ।
भाग्यवाँश्च महान् जातो महदैश्वर्यसंयुतः ॥४॥

त्रयोदश अध्याय

यसपछि, यसरी यी दम्पतीको लोकमा ठूलो सम्मान भयो, जसद्वारा भगवती सन्तोषीमाताको महान् चरित्र सर्वत्र प्रसारित भयो । सन्तोषी माताको कृपापछि राजाले यी ब्राह्मणलाई बोलाएर सम्मान गरे, पूजा गरे, त्यसमा माताको कृपा नै कारण थियो ।

वृत्तिहीन व्यक्ति वृत्तियुक्त, पुत्ररहित व्यक्ति पुत्रवान् र धनहीन व्यक्ति धनवान् समेत भए । श्रीमाताको कृपाले कुरूप, अभागी र ऐश्वर्यहीन व्यक्ति रूपवान् भाग्यवान् एवं ऐश्वर्यशाली महान् व्यक्ति हुन पुगे ।

माताका कृपापूर्ण दृष्टिप्रसादले उनले तत्काल नै प्राप्तव्य समग्र वस्तु पाए भनेर सबैले उनको चर्चा गर्दथे । श्री सन्तोषीमाताका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कृपापाङ्गप्रसादेन जनन्या तेन सत्वरम् ।
प्राप्तं सकलमाप्तव्यं विप्रेणेति जना जगुः ॥५॥
श्रीसन्तोष्या व्रतान्नूनं ब्राह्मणेन सुखं महत् ।
लब्धं तेनैव चास्माभिः कर्तव्यं व्रतमुत्तमम् ॥६॥
इत्येवं बहुधा लोकैः गाम्भीर्येण विचिन्तितम् ।
प्रेरणां प्राप्य विप्रस्य व्रतं चक्रुर्न संशयः ॥७॥
षोडशाब्दमहाकालो व्यतीतः सुखपूर्वकम् ।
अप्राप्यं तद्गृहे नासीत् तदाश्चर्यकरं महत् ॥८॥
बहुषु तेषु वर्षेषु जननी विस्मृताऽभवत् ।
अहङ्कारश्च संयातस्तयोर्वित्तस्य कारणात् ॥१०॥

व्रतका प्रभावले निश्चय पनि ब्राह्मणले ठूलो सुख प्राप्त गरे त्यसैले हामीले पनि व्रत गर्नुपर्दछ भनेर सबैले परिचर्चा गर्न थाले ।

यसरी एक आपसमा सन्तोषीमाताको विषयमा ब्राह्मणद्वारा प्रेरणा प्राप्त गरेर धेरैले व्रत प्रारम्भ गरे ।

यसरी ती ब्राह्मण दम्पतिका १६ वर्ष अत्यन्त सुखपूर्वक व्यतीत भए । त्यस घरमा अप्राप्य केही पनि थिएन । त्यो अत्यन्त आश्चर्यकर वृत्तान्त सबैले थाहा पाएका थिए ॥१-८॥

श्री सन्तोषीमाताको कृपाबाट सर्वसौभाग्य प्राप्त गरेर सम्पूर्ण मनोरथ पूर्ण भएपछि तिनीहरूले अब आराधना गर्न पनि छाडेका थिए ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लोकानां मानतश्चापि यशसा च तयोः पुनः ।
पारमार्थिकमार्गस्तु त्यक्तः पूर्णतया तदा ॥११॥
इत्थं सुखेन तुष्ट्या वा मातुर्विस्मरणेन च ।
हापितः काल इत्यत्र दौर्भाग्यं तु समागतम् ॥१२॥
सुशीलो रूपविद्याभ्यां युक्तो लोकनमस्कृतः ।
तयोः पुत्रस्तु सहसा व्याधिग्रस्तो बभूव ह ॥१३॥
राजवैद्यास्तथा चान्ये वैद्या ज्योतिर्विदोजनाः ।
तान्त्रिका मान्त्रिकाः सर्वे दुःसाध्यमिति चोचिरे ॥१४॥
जीवनं स्वीयपुत्रस्य ताभ्यां प्राप्तुं यथार्थतः ।
बहुधा यतितं किन्तु लब्धो मार्गो न कश्चन ॥१५॥

धेरै वर्षसम्म सन्तोषीमातालाई पूर्णतया बिर्सिएर धनका कारणले गर्दा तिनीहरूमा अहङ्कारको उदय पनि भयो ।

लोकका ठूलो सम्मानद्वारा र यशद्वारा पनि पारमार्थिक बाटो चाहिँ पूर्णरूपमा बिर्सियो । यसरी सुखी र संन्तुष्ट भएपछि श्रीसन्तोषी मातालाई बिर्सिएर लामो समय व्यतीत भयो र अनि फेरि दुर्भाग्यको उदय हुन गयो ।

रूप एवं विद्याले सम्पन्न, सुशील, लोकद्वारा पूजित, उनीहरूको पुत्र अचानक रोगग्रस्त हुन पुग्यो । राजवैद्य, डक्टर, ज्योतिषीहरू, तान्त्रिक, मान्त्रिक आदि सबैले यो रोग दुःसाध्य हो भने ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कृतेऽपि बहुधा यत्ने न स व्याधिः कथञ्चन ।
निवृत्तो न च न्यूनोऽभूत् तस्मात्तौ बहुदुःखितौ ॥१६॥
म्रियमाणं स्वकं पुत्रं दृष्ट्वा ब्राह्मणदम्पती ।
बभूवतुः शोकमग्नौ सुस्वरं च रुरुदतुः ॥१७

॥ॐ तत्सदिति श्रीसन्तोषीमातृचरिते पुत्रव्याधिवर्णनं नाम त्रयोदशोऽध्यायः॥

आफ्ना पुत्रको जीवन बचाउन उनीहरूले धेरै नै प्रयास गरे तर कुनै उपयुक्त बाटो प्राप्त भएन । र त्यो रोग घटेन पनि, निको भएन पनि । त्यसैले तिनीहरू सारै नै दुःखित भए ।

मर्ने लागेको आफ्नो छोरोलाई देखेर ब्राह्मण दम्पती शोकमग्न हुन पुगे र केही उपाय नदेखेर डाको छोडेर रुन थाले ॥९-१७॥

तेऱ्हौं अध्याय पूर्ण भयो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ चतुर्दशोऽध्यायः

तयोस्तद्दुःखमालोक्य कृपया पार्वती स्वयम् ।
प्रमार्ष्टुं तस्य वै व्याधिमुवाच वल्लभं हरम् ॥१
व्रतप्रभावात् सम्प्राप्तः सत्पुत्रो मत्प्रसादतः ।
साम्प्रतं म्रियमाणोऽस्ति कृपा तेभ्यो विधीयताम् ॥२॥
पार्वत्या वचनं श्रुत्वा प्रीत्या प्रोवाच शङ्करः ।
सन्तोषी विस्मृता तैस्तु विपत्तिस्तेन साम्प्रतम् ।
आयाता व्याधिरूपेण यद्भाव्यं तद् भविष्यति ॥३॥

चतुर्दश अध्याय

उनीहरूको त्यो दुःख देखेर भगवती पार्वती माता आफैं नै त्यस बालकको व्याधि नाश गर्नका लागि शिवलाई प्रार्थना गर्नुहुन्छ ।

हे प्रभो ! सन्तोषीमाताका कृपाले प्राप्त गरेको पुत्र मर्ने लागेको छ । त्यस ब्राह्मण परिवारमाथि कृपा गर्नुहोस् । पार्वतीमाताको वचन सुनेर भगवान् शिवले भन्नुभयो- उनीहरूले सन्तोषीमातालाई पूर्ण रूपमा विर्सिए त्यसैले यो विपत्ति आएको हो जुन व्याधिको रूपमा छ, त्यसैले जे हुनु छ त्यो हुन्छ नै । परन्तु भगवती पार्वतीले फेरि पनि त्यसको व्याधिनाशका लागि बारम्बार प्रार्थना गर्नुभयो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परन्तु कृपया लम्बोदरमाता पुनः शिवम् ।
प्रार्थयामास तद्व्याधिनाशाय नीलकण्ठकम् ॥४॥
तस्याः प्रार्थनया प्रीतो हरः प्रोवाच पार्वतीम् ।
गम्यतां प्रोच्यतां ताभ्यां व्रताय पुनरेव हि ॥५॥
तस्या व्रतप्रभावेण सन्तोष्याः कृपया पुनः ।
विनङ्क्षति च तच्छीघ्रं व्याधिजातं न संशयः ॥६॥
तयोस्तद्दुःखनाशाय जननी पार्वती स्वयम् ।
शिवेन सह चायाता भवनं कृपया तदा ॥७॥
स्वरूपगोपनं कृत्वा प्रोवाच जगदम्बिका ।
युवाभ्यां यद्व्रतं पूर्वं कृतं तन्ननु विस्मृतम् ॥८॥

उनका प्रार्थनाद्वारा पग्लिएर भगवान् शिवले भन्नुभयो- तिमी जाऊ र उनीहरूलाई फेरि सन्तोषीमाताको आराधना गर्ने प्रेरणा देऊ ।

त्यस व्रतका प्रभावद्वारा सन्तोषी माताको कृपा फेरि प्राप्त हुनेछ र छिट्टै त्यो व्याधि पनि नष्ट हुनेछ ।

उनीहरूको दुःख नाशका लागि भगवती पार्वती शिवलाई सँगै लिएर उनीहरूको भवनमा पुग्नुभयो ।

आफ्नो मूलस्वरूप लुकाएर त्यहाँ भगवती पार्वतीले ब्राह्मणदम्पतीलाई भन्नुभयो-तिमीहरूले पहिले जुन सन्तोषीमाताको व्रत गरेका थियौ त्यसलाई तिमीहरूले बिर्सियौ त्यसैले यो दुःख आइपरेको हो ॥१-८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भूयोऽपि क्रियतां मातुः सन्तोष्या व्रतमुत्तमम् ।
तेनैव दुःखदौर्भाग्याद् विमुच्येथे न संशयः ॥९॥
व्रतत्यागाच्च दौर्भाग्यं पतितं पुनरेव हि ।
तस्माद् व्रतं न हातव्यं कार्ये सिद्धेऽपि यत्नतः ॥१०॥
मातुस्तद्वचनं श्रुत्वा तद्दिनादेव भक्तितः ।
प्रारब्धं तद्व्रतं भूयः पुत्रोऽपि स्वस्थतां गतः ॥११॥
दम्पतीभ्यां कलौ सर्वप्रथमं व्रतमुत्तमम् ।
कृतमासीद् युगे चास्मिन् घोरे काले न संशयः ॥१२॥
ये चापि श्रद्धया भक्त्या सेवन्ते मातरं सदा ।
प्राप्नुवन्त्येव ते सर्वं वाञ्छितं फलमुत्तमम् ॥१३॥

फेरि पनि सन्तोषीमाताको उत्तम व्रत गर त्यसैबाट नै दुःख र दुर्भाग्यबाट मुक्त हुनेछौ यसमा कुनै सन्देह छैन ।

व्रतको पूर्ण त्याग गर्नाले नै फेरि दुर्भाग्यको आगमन भएको हो । त्यसैले कार्य सिद्ध भएपछि पनि व्रत छोड्नु हुँदैन ।

आमाको त्यो वचन सुनेपछि उनीहरूले ठीकसँग कुरा बुझे अनि फेरि व्रत-आराधना प्रारम्भ गरे, पुत्र पनि विस्तारै स्वस्थ्य भयो ।

यिनै दम्पतीले घोर कलिकालमा सर्वप्रथम व्रत गरेका थिए ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सन्तोषीजननी नूनं सर्वेषां हितकारिका ।
विद्यते सेव्यतां भूयः कृपाप्राप्त्यै च भक्तितः ॥१४॥
न सन्तोषी समा माता न सन्तोषी समः पिता ।
न सन्तोषीसमो बन्धुर्न सन्तोष्याः परः सुहृद् ॥१५॥

॥ॐ तत्सदिति श्रीसन्तोषीमातृचरिते पुत्रव्याधिविनाशो नाम चतुर्दशोऽध्यायः॥

जसले श्रद्धा र भक्तिपूर्वक माताको सेवा गर्दछन् तिनका मनले चिताएको सम्पूर्ण इच्छा पूरा हुनेछ ।

सन्तोषीमाता निश्चय नै सबैकी हितैषी हुनुहुन्छ । त्यसैले उहाँको कृपा पाउनका लागि भक्तिपूर्वक सेवा गर्नुपर्दछ ।

सन्तोषी जस्ती माता अन्य कोही पनि छैन, न कुनै पिता नै हुनुहुन्छ र सन्तोषी माताजस्तो न कुनै बन्धु छ, न त अर्को कुनै मित्र नै छ ॥९-१५॥

चौधौं अध्याय पूर्ण भयो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ पञ्चदशोऽध्यायः

वासरा भार्गवाः पञ्च यस्मिन् मासे भवन्त्यथ ।
प्रारब्धव्यं व्रतं रम्यं मनोवाञ्छाप्रपूर्तये ॥१॥
अम्लं वस्तु न प्रष्टव्यं न भोक्तव्यं कथञ्चन ।
श्रीमाता पूज्यतां मन्त्रजपश्चापि विधीयताम् ॥२॥
पूजाकाले जगन्मातुश्चित्रं संस्थाप्यतां पुरः।
तदग्रे कलशं रम्यं भवेज्जलप्रपूरितम् ॥३॥
कलशे सर्वदेवानां क्रियादावाहनं पुनः ।
भवेच्चित्रपटं रम्यं जनन्याः तत्र संस्थितम् ॥४॥

पञ्चदश अध्याय

जुन महिनामा ५ वटा शुक्रवारहरू हुन्छन् प्रायः त्यसै महिनाबाट शुक्रवारको व्रत शुरु गर्नु राम्रो हुन्छ तर अन्य महिनामा पनि गर्न सकिन्छ । फलका लागि श्रद्धा र विश्वासपूर्वक व्रत गर्नुपर्दछ ।

शुक्रवारका दिन अमिलो पदार्थ छुनु एवं खानु हुँदैन । सन्तोषीमाताको पूजा र मन्त्र जप गर्नुपर्दछ ।

पूजाका अवसरमा माताको मूर्ति अथवा चित्रपट राख्नुपर्दछ । त्यसपछि माताका अगाडि कलश राखेर त्यसमा जल भर्नुपर्दछ ।

कलशमा सबै देवताहरूको आवाहन गर्नुपर्दछ माताको रमणीय चित्रपट त्यहीँ नै राख्नु उचित हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

घृतयुक्तं भवेद्दीपं तद्भक्तिश्चापि चेतसि ।
धूपं दीपञ्च नैवेद्यं स्थाप्यतां पुरतस्तदा ॥५॥
दीपञ्च कलशञ्चैव गणेशञ्चापि श्रद्धया ।
पूजयित्वा ततो माता पूजनीया विधानतः ॥६॥
धूपमाघ्राप्यतां चादौ ततो दीपप्रदर्शनम् ।
नैवेद्यमर्प्यतां तस्मान्नीराजनं विधीयताम् ॥७॥
कृते नीराजने रम्या कथा श्राव्या सुश्रद्धया ।
क्षमापनं जगन्मातुः पुरतस्तु विधीयताम् ॥८॥
अन्ते तु शान्तिपाठेन कलशे संस्थितं जलम्
भक्तशिरःसु गेहे च श्रद्धया प्रविकीर्यताम् ॥९॥

अनि दियोमा घिउको बत्ति वाल्नुपर्दछ तेल होइन । त्यसपछि धूप, दीप एवं नैवेद्य त्यहाँ अर्पण गर्नुपर्दछ ।

दियो, कलश, गणेशको श्रद्धापूर्वक पूजा गरेर त्यसपछि माताको पूजा गर्नुपर्दछ । पहिला धूप अनि दीपप्रदर्शन अनि नैवेद्य अर्पण र त्यसपछि आरती गर्नुपर्दछ ।

त्यसपछि कथा श्रवण गर्नुपर्दछ र क्रमशः क्षमा प्रार्थना गर्नुपर्दछ ॥१-८॥

अन्तिममा शान्ति पाठ गरेर कलशमा स्थापित जल घरमा र भक्तहरूका शिरमा छर्किनुपर्दछ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कार्ये सिद्धे जगन्मातुर्व्रतस्योद्यापनं स्वयम्
क्रियतां दीयतां भोज्यं फलं वस्त्रं प्रदीयताम् ॥१०॥
अष्ट एव भवन्त्यत्र प्रतीकात्मकबालकाः ।
चिरञ्जीवित्वमापन्नाः पुराणपुरुषा इमे ।
सन्तोष्यास्ते जगन्मातुः पुत्रा इत्यवधार्यताम् ॥११॥
अश्वत्थामा बलिर्व्यासो हनूमाँश्च विभीषणः ।
जामदग्न्यः कृपाचार्यो मार्कण्डेयस्तथाष्टमः ॥१२॥
एते हि पुत्ररूपेण सन्ति तेषां प्रपूजनात् ।
प्रीता भवति वै माता श्रीसन्तोषी न संशयः ॥१३॥
दक्षिणायां फलं मिष्टं वस्त्रमाभूषणं भवेत् ।
न द्रव्यं तत्र दातव्यं तेभ्य इत्यवधार्यताम् ॥१४॥

कार्य पूरा भइसकेपछि उद्यापन गर्नुपर्दछ। ८ वर्ष देखि १२ वर्ष सम्मका आठ बालकलाई निमन्त्रणा गर्नुपर्दछ । यी बालकहरूलाई अष्टचिरञ्जीवीका रूपमा पूजा गर्नुपर्दछ । यिनीहरू सन्तोषीमाताका पुत्रका रूपमा रहेका छन् यिनको नाम अश्वत्थामा, बलि, व्यास, हनुमान्, विभीषण, जामदग्न्य, कृपाचार्य र मार्कण्डेय हो । यिनै ८ जना चिरञ्जीवी महापुरुषहरू पुत्रका रूपमा रहेकाले यिनको पूजाद्वारा माता प्रसन्न हुनुहुन्छ ।

दक्षिणामा स्वादिष्ट फल, वस्त्र, आभूषण आदि दिनुपर्दछ ।

दक्षिणामा रुपिया पैसा दिनुहुँदैन यो कुरा ध्यान दिनुपर्दछ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चतुर्षु किल मासेषु प्रायशो लभ्यते फलम् ।
अथवा त्रिषु वर्षेषु ध्रुवं तज्जायते फलम् ॥१५॥
केषाञ्चिन्मन्दभाग्यानां फलं यदि न जायते ।
द्वादशाब्दात्मके काले फलं नूनं भविष्यति ॥१६॥

॥ॐ तत्सदिति श्रीसन्तोषीमातृचरिते व्रतविधिवर्णनं नाम
पञ्चदशोऽध्यायः॥

चार महिनामा प्रायः फल पाइन्छ । यदि सम्भव भएन भने तीन वर्षमा त पाइन्छ नै । केही व्यक्तिहरूको कर्म गति अत्यन्त खराव रहेछ भने त्यस्ता मन्दभाग्य भएका व्यक्तिहरूलाई पनि माताको श्रद्धापूर्वक व्रत एवं पूजा-आराधना गर्नाले १२ वर्षमा अवश्य नै फल मिल्नेछ ॥९-१६॥

पन्ध्रौं अध्याय पूर्ण भयो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ षोडशोऽध्यायः

ये कुर्वन्ति व्रतं मातुस्ते लभन्ते फलं महत् ।
न तत्र विद्यते शङ्कापङ्कलेशोऽपि कश्चन ॥१॥
इदं मातृचरित्रं तु श्रद्धया ये पठन्त्यथो ।
तेषां पुण्यस्य वार्तास्तु न कर्तुं पार्यते क्वचित् ॥२॥
दुःखं सर्वविधं तेषां शीघ्रमेव विनश्यति ।
सौभाग्यं लभ्यते नूनं नात्र कार्या विचारणा ॥३॥
प्रत्यहं पाठशीलस्य दुर्लभं नास्ति भूतले ।
श्रद्धया शुक्रवारे तु नूनं पाठो विधीयताम् ॥४॥

अथ षोडश अध्याय

जसले माताको व्रत गर्दछन् तिनले चाहेका इच्छाहरू पूरा हुन्छन् यसमा कुनै सन्देहको अवसर नै छैन । जसले यो माताको चरित्र श्रद्धापूर्वक पढ्छन्, पाठ गर्दछन् तिनका पुण्यको गणना कसैले पनि गर्न सक्तैन ।

ती व्यक्तिको दुःख स्वतः तत्काल समाप्त हुन्छ र सौभाग्यको प्रारम्भ हुन्छ यसमा कुनै सन्देह छैन ।

प्रतिदिन पाठ गर्ने व्यक्तिका लागि केही पनि दुर्लभ छैन । प्रतिदिन सकिँदैन भने पनि शुक्रवार अवश्य पाठ गर्नु पर्दछ । जसले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सर्वं ये पठितुं नैव क्षमन्ते तेऽपि श्रद्धया ।
अध्यायैकस्य पाठेन लभन्ते वाञ्छितं फलम् ॥५॥
त्रिवर्ष-पठनात् किञ्च पूजनाच्चापि श्रद्धया ।
दर्शनं लभ्यते मातुः श्रीसन्तोषीप्रसादतः ॥६॥
पुस्तकं मातृसन्तोष्या यस्मिन् गेहे भवत्यहो ।
गृहं न तद्गृहं प्रोक्तं नूनं तन्मन्दिरं भवेत् ॥७॥
तस्मात्सर्वप्रयत्नेन पुस्तकं स्थाप्यतां गृहे ।
सर्वदोषनिवृत्तिः स्यादस्य संस्थापनात् सदा ॥८॥
असूयया हृता येऽपि दुरात्मानः कुमार्गगाः ।
हिंसायां निरता येऽपि पशूनां बलिकारकाः ॥९॥

पूरै पुस्तक पाठ गर्न सक्तैनन् तिनले एक अध्याय पाठ गर्नाले पनि फल पाउँछन् ।

तीनवर्षसम्म श्रद्धापूर्वक नछोडीकन पाठ गर्नाले र माताको प्रतिदिन भक्तिपूर्वक पूजा गर्नाले माताको साक्षात् दर्शन मिल्दछ ॥१-६॥

सन्तोषीमाताको चरित्रले भरिएको यो पुस्तक जुन घरमा राखिन्छ वस्तुतः त्यो घर मन्दिरमा परिणत हुन्छ ।

त्यसैले प्रयत्नपूर्वक आ-आफ्ना घरमा पुस्तक राख्नुपर्दछ जसद्वारा घरका सारा दोषहरू नष्ट हुन्छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तेभ्यो न दीयतां चैतत् पुस्तकं सर्वकामदम् ।
येषां न विद्यते श्रद्धा तेभ्यश्चापि न दीयताम् ॥१०॥

मङ्गल प्रार्थना

श्रीमातः ! श्रीमहामाये ! विश्वरूपिणि ! शक्तिदे !
विश्वकर्त्रि ! विश्वभर्त्रि ! जगन्मोहिनि मङ्गले ॥११॥
सर्वस्यापि च लोकस्य त्वं प्राणत्वेन राजसे ।
त्वां नौमि लोकरक्षायै सन्तोषीमातरं मुहुः ॥१२॥
त्वां नौमि मम रक्षायै सन्तोषीमातरं सदा ॥१३॥

॥ॐ तत्सदिति श्रीसन्तोषीमातृचरिते फलश्रुतिर्नाम षोडशोऽध्यायः॥

अर्काको डाह गर्ने, रीस गर्ने, कुमार्गमा हिँडेका, दुरात्मा एवं हिंसामा लागेका, पशुहरूको बलिदिने काममा लागेका व्यक्तिहरूलाई यो समग्र कामना पूरा गर्ने पुस्तक दिनुहुँदैन । जो श्रद्धायुक्त छैनन् तिनलाई पनि यो पुस्तक नदिनू ।

म□ल प्रार्थना

श्रीमाता, महामाया, विश्वरूपिणी, शक्तिदात्री, विश्वकर्त्री, विश्वभर्त्री, जगन्मोहिनी मङ्गलस्वरूपिणी, सबैकी प्राणस्वरूपा, सबैकी संरक्षिका, जगज्जननी सन्तोषीलाई म बारम्बार नमस्कार गर्दछु ॥७-१२॥

सोन्हौं अध्याय पूर्ण भयो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ॐ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परिशिष्टभागः

१. श्रीनीलकण्ठधामको उत्पत्ति खोज
र पुनर्निर्माण
२. पूजाविधि
३. देव्या आरात्रिकम्
४. शरणागतिस्तोत्र
५. श्रीसन्तोषीमाताको गायत्री
६. श्रीसन्तोषी माताजी की आरती
७. श्रीसन्तोषीमाताको आरती

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीनीलकण्ठधामको उत्पत्ति खोज र पुनर्निर्माण

जगन्नियन्ता भगवान् शंकर समस्त प्राणीहरूको कल्याण गर्ने हुनाले नै उहाँको नाम शिव रहेको हो। विशेष गरेर यस नेपाल देशको रक्षा पनि उनै शिवले नै पशुपतिको रूपमा प्रकट भएर गरिरहनु भएको छ। भगवान् शिवको नै कृपा-प्रसादको यो फल हो कि आज नेपाली जाति संसार भरि प्रसिद्ध छ र अस्तित्वमा रहिरहेको छ।

उनै परमेश्वर शिवको अर्को रूप नीलकण्ठ प्रसिद्ध छ। उनै शिव नीलकण्ठको रूपमा बुटवल न.पा.को पहाडको फेदीमा प्रकट हुनुभयो। उहाँको यो प्राकट्य पनि यस देशको रक्षा र नेपालीहरूको दु:ख नाश गर्नको लागि नै भएको हो।

जसरी पवित्र तीर्थस्थल "स्वर्गद्वारी" धामको खोज स्वर्गद्वारी महाप्रभुले गर्नुभयो। त्यसै गरी यस बुटवल क्षेत्रका नीलकण्ठ धाम (जुन धाम सत्य युगमा अति प्रसिद्ध तीर्थ क्षेत्र थियो) लाई अहिले आएर श्रद्धेय माता देवमाया भट्टराईले पुन: स्थापित गर्नुभएको छ।

बुटवल न.पा. वडा नं. १०, सुख्खानगर निवासी श्रद्धेय माताजी बाल्यकालदेखि नै आध्यात्मिक अनुभूति सम्पन्न हुनुहुन्छ। बाल्यकालदेखि नै पूर्णरूपमा भगवान्को आराधनामा लाग्नुहुने माताजी ९ वर्षको उमेरदेखि नै श्रीसन्तोषीमाताको व्रत अविच्छिन्न रूपमा गर्दै आउनुभएको छ र हाम्रो सामाजिक परम्परानुरूप उहाँको विवाह १४ वर्षको उमेरमा भएको हो। अहिले उहाँ आफ्नै पारिवारिक पृष्ठभूमिमा रहिरहनुभएको छ।

श्रद्धेय माताजी उच्च आध्यात्मिक शक्तिसम्पन्न करुणाकी प्रतिमूर्ति हुनुहुन्छ। बाल्यकाल देखि नै उहाँलाई स्वप्नमा भगवती माताले दर्शन दिने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सबै प्रकारका निर्देशन दिने गर्नुहुन्थ्यो । यसका साथै श्रद्धेय माताजीको भक्तिभाव र तपस्या पनि निरन्तर बढ्दै गयो। भगवती सन्तोषी माताको कृपा उहाँमाथि अझ धेरै हुन थाल्यो र अन्ततः सन्तोषी माता प्रत्यक्ष रूपमा प्रकट हुन थाल्नुभयो। अब उहाँका सबै प्रश्नहरूको उत्तर स्वयं सन्तोषीमाताले दिने गर्नुहुन्छ । माताजीको जीवन पूर्णरूपमा सन्तोषी माताको निर्देशनमा परिचालित छ । साथै उहाँका भक्तहरूको रक्षा, संकट-मुक्तिको कामपनि स्वयं सन्तोषी माताद्वारा हुने गरेको तथ्य अब धेरैलाई थाहा भइ नै सकेको छ।

माता देवमाया अब सामान्य अवस्थामा हुनुहुन्न, यद्यपि उहाँ व्यावहारिक रूपमा अति सामान्य देखिनुहुन्छ, परन्तु चित्तको स्तरमा पूर्ण असङ्ग एवं पूर्ण पृथक् हुनुहुन्छ । श्रद्धापूर्वक आएका सर्वसाधारणको दुःखकष्ट प्रत्यक्षरूपमा निवारण गर्ने काम पनि माताजी गर्ने गर्नुहुन्छ। तीर्थस्थल, मन्दिर वा अन्य कुनै महत्वपूर्ण स्थलमा गएर माताजी त्यहाँका देवमूर्ति प्रतिमा आदिसंग सीधै कुरा गर्नुहुन्छ। भक्तहरूलाई दुःख, कष्टहरूबाट मुक्त गर्न निरन्तर लागि पर्नु हुन्छ। अगाडि नै प्रश्नहरूको उत्तर देवता, देवमूर्ति, भगवान् शिव वा सन्तोषी माताबाट प्रत्यक्षरूपमा प्राप्त गर्नुहुन्छ।

यसरी सीधै देवमूर्तिसँग कुरा गर्ने एक अर्का ऐतिहासिक व्यक्तित्व हुनुहुन्थ्यो श्रद्धेय रामकृष्ण परमहंस जो स्वामी विवेकानन्दका गुरुको रूपमा परिचित हुनुहुन्छ। यसरी नै माता देवमाया पनि अलौकिक शक्तिसम्पन्न सन्त हुनुहुन्छ।

यस धामको उत्पत्तिको कथा अत्यन्त रोचक छ। माता देवमायालाई स्वयं सन्तोषी माताले दिव्यदृष्टि प्रदान गर्नुभयो र उक्त क्षेत्रमा भएका सबै पुरातन प्रसिद्ध मूर्तिहरूको दर्शन गराउनु भयो। त्यसपछि निर्धारित समयमा माताकै निर्देशनानुसार उक्त क्षेत्रमा गएर हेर्दा यथावत् सबै मूर्ति प्राप्त भए।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसपछि त्यो भयंकर भिरालो पहाडी जंगललाई धेरै समय लगाएर माता देवमायाले समतल बनाउनु भयो र अन्ततः त्यहाँ मन्दिर बनाउनु भयो। यो मन्दिर निर्माण माताको निर्देशानुसार भएको हो। उक्त क्षेत्रमा अहिले एउटा नीलकण्ठ बाबा शिवको मन्दिर, अर्को अखण्ड हवनका निमित्त यज्ञशाला, गुह्येश्वरी माताको मन्दिर, अन्नपूर्णा माताको मन्दिर सर्वसाधारण जनसमूह आफैंले पूजा गर्नका निमित्त छुट्टै शिवमन्दिर समेत निर्माण भईसकेको छ।

२०६० साल मंङ्सीर १२ गते सीता विवाह पञ्चमीको दिन माता देवमायालाई दिव्यदृष्टि प्रदान गरी स्वयं सन्तोषी माताले यस क्षेत्रमा भएका समग्र शिलामणि मूर्ति आदिको दर्शन गराउनु भयो। उक्त दिव्यदर्शन कै क्रममा भगवान् नीलकण्ठ शिवले स्वंयं प्रकट भई भगवान् सत्यनारायणको पूजा गर्न र क्रमशः यस धामको निर्माण एवं यसको प्रचारप्रसार हेतु माता देवमायालाई कृपापूर्ण निर्देशन गर्नुभयो। त्यसै क्रममा २०६० साल फागुन २३ गते धेरै विद्वान् पण्डितहरूद्वारा भगवान् सत्य नारायणको पूजा गराउनुभयो। त्यसपछि धेरै चमत्कारिक घटनाहरू माताजीसँग हुन थाले।

अन्ततः २०६० चैत्र २ गते श्रद्धेय माताजीको घरमा भएको मन्दिरमा भगवान् विष्णु र भगवान् शिव 'नीलकण्ठ' दुवैले उहाँलाई सशरीर दर्शन दिनुभयो। लगभग एकघण्टासम्म त्यो दर्शन उहाँले पाईनैरहनु भयो। साथै भगवान् विष्णु र भगवान् शिवले उहाँलाई दुईवटा विशिष्ट एवं अति प्रसिद्ध तथा दुर्लभ 'पदार्थ' दिनुभएको छ। भगवान्‌ले उक्त समयमा हे पुत्री तिम्रो घरमा दुई वटा चीजको कमी छ हात थाप त्यो हामी दिन्छौं भनेर उहाँले हात थापेपछि उक्त दुई पदार्थ दिनु भएको हो। अहिले उहाँले दर्शनार्थी भक्तहरूलाई एकादशी, अमावस्या र पूर्णिमाका दिन दर्शन गराउने गर्नुभएको छ।

त्यसै विशेष दर्शनको अवसरमा भगवान् 'नीलकण्ठ' शिवले उक्त क्षेत्रलाई मेरो मध्यक्षेत्र, पशुपति शिरोभाग र स्वर्गद्वारी पाउ भाग हो भनेर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समेत भन्नुभएको थियो । त्यसैले यी तीन क्षेत्र अत्यन्त उच्च क्षेत्र हुन् र बुटवलमा यो नीलकण्ठ धाम बनिसकेर त्यहाँ घण्टी बजेपछि देशको यो हिंसा बन्द हुने र शान्ति स्थापना हुने कुरा समेत भगवान् शिवले आफैं बताउनु भएको थियो। त्यसैले २०६१ वैशाख ४ गते शिलान्यास गर्ने वाणी भएअनुसार नै त्यो ठाउँमा शिलान्यास सम्पन्न भयो र २०६२ साल फागुनमा उक्त मन्दिर को निर्माण पूरा भई प्राणप्रतिष्ठाको काम समेत पूरा भयो। त्यसपछि क्रमशः देश विकराल अवस्थाबाट शान्तितिर फर्केको तथ्य सार्वजनीन भइ नै सकेको छ।

एउटा प्रसिद्ध पौराणिक आख्यान अनुसार देवता र असुरहरू मिलेर समुद्र मन्थन गरेका थिए । त्यस कार्यद्वारा अमृतप्राप्त हुने र त्यसको सेवनले दुवै देवता-असुर वर्ग सदा अमर हुने निश्चयले यी दुबै वर्ग आफ्ना पुराना शत्रुतालाई छोडेर समुद्रमन्थनमा समान रूपमा लागे ।

समुद्रमन्थन गर्न वासुकी नागलाई नेती बनाइयो, मन्थराचल पर्वतलाई मदानीको रूपमा प्रयोग गरियो, यस क्रममा भगवान् विष्णु लाखयोजन ठूलो आकार धारण गरेर कच्छपको रूपमा समुद्रभित्र प्रवेश गर्नुभयो र आफ्नो पृष्ठभागमा उक्त पर्वतलाई धारण गर्नुभयो। अब समुद्र मन्थनको कार्य राम्ररी हुन थालेपछि त्यहाँबाट अचानक भयानक कालकूट हलाहल विष उत्पन्न भयो । त्यसको प्रभावले सारा देवता, असुर, मनुष्य, पशुपंक्षी र वनस्पति जगत् पनि पूर्णरूपमा प्रभावित भयो ।

यस बिषका भयङ्कर प्रभावले गर्दा तीनै लोक व्यथित भए । समुद्रमन्थन बीचैमा रोकियो । देवता, असुर आदि सबै नै विषका प्रभावले लगभग अचेत हुने स्थितिमा पुगे । अब त्यसबाट बच्ने उपायका क्रममा सबै देवता, असुरहरू भगवान् शिवका शरणमा पुग्दछन् र "कालकूट विषबाट" आफूहरू र समग्र जगत्लाई नै बचाउनका लागि प्रार्थना गर्दछन् । भगवान् शिव आशुतोष हुनुहुन्छ, जगज्जननी भगवती पार्वतीको पनि स्वीकृति लिएर विष भएको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ठाउँमा तत्काल भगवान् भूत भावन कैलासपति शिव आउनुभयो र आफ्नो अञ्जलिमा त्यो कालकूट हलाहल विषलाई लिनुभयो र भक्षण गर्नुभयो। त्यो भयङ्कर विषलाई उहाँले आफ्नो घाँटीमा राख्नुभयो। त्यसैले उहाँको घाँटी नीलो हुन पुग्यो र त्यसै दिनबाट भगवान् शिव "नीलकण्ठ" हुनुभयो। त्यो विष पान गरेपछि भगवान् शिवलाई भयंकर जलन भयो र त्यसको प्रभाव कम गर्न भगवान् शिवले यसै नेपाल भूमिमा शयन गर्नुभयो । उहाँको शिर-भाग पशुपति, पाउ-भाग स्वर्गद्वारी र मध्य-भाग नीलकण्ठ बाबाधाम हुन पुगेको थियो।

पशुपति आदिकालदेखि नै प्रसिद्ध भएको छ । जसको चर्चा पुराणहरूमा र महाभारतमा समेत गरिएको छ र पाँच पाण्डव मध्येका अर्जुन आफैँ तपस्या गर्न यसै पशुपति क्षेत्रमा आउनुभयो र अन्ततः भगवान् शिवबाट पाशुपतास्त्र प्राप्त गर्न सफल हुनुभयो।

जसरी प्रसिद्ध तीर्थस्थल स्वर्गद्वारीको खोज स्वामी हंसानन्द सरस्वती (स्वर्गद्वारी महाप्रभु)ले गर्नुभयो त्यसै ठाउँमा सत्ययुगमा ऋषिहरूले शिवको आराधना र यज्ञ गर्नुभएको थियो । साथै अहिले पनि त्यहाँ अखण्ड यज्ञ चलिरहेको छ।

यसै क्रममा भगवान् नीलकण्ठ कलियुगमा मानवहरूलाई अति धेरै कष्ट परेपछि उनीहरूलाई शान्ति दिनको लागि यस रूपन्देहीको बुटवल क्षेत्रमा प्रकट हुनुभयो र अहिले यहीँ उहाँको मन्दिर बनाइएको छ।

ॐ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पूजाविधिः

दीप, कलश, गणेश स्थापना गर्ने र सन्तोषीमाताको चित्रपट बीचमा राख्ने ।

सर्वप्रथम दीपपूजा गर्ने -

❖दीपनारायणाय नमः

❖चन्द्रनम् अक्षतां पुष्पञ्च समर्पयामि ।

❖शुभं भवतु कल्याणम् आरोग्यं सुखसम्पदः ।
मम ज्ञानप्रकाशाय दीपज्योतिर्नमोस्तुते ॥

अब कलशको पूजा गर्ने-

❖कलशे वरुणादिसर्वदेवाना!म् आवाहनं करोमि ।

❖चन्दनम् अक्षतां जलं पुष्पञ्च समर्पयामि ।

गणेश पूजनम्-

❖ऋद्धि-सिद्धिसहिताय श्रीमन्महागणाधिपतये नमः ।

❖चन्दनम् अक्षतां जलं पुष्पञ्च समर्पयामि ।

❖श्री सन्तोषीमातरम् आवाहयामि

❖गन्धं समर्पयामि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

❖अक्षतां समर्पयामि

❖जलं समर्पयामि

❖फलं समर्पयामि

❖धूपम् आघ्रापयामि श्रीसन्तोषीमात्रे नमः

❖वनस्पतिरसोद्‌भुतो गन्धाढ्यो गन्ध उत्तमः ।
आघ्रेयः सर्वदेवानां धूपोऽयं प्रतिगृह्यताम् ।

❖दीपं दर्शयामि श्रीसन्तोषीमात्रे नमः

❖नैवेद्यं समर्पयामि श्रीसन्तोषीमात्रे नमः

❖चणकं (चना) गुडं च समर्प्यामि श्रीसन्तोषीमात्रे नमः ।

❖दक्षिणां समर्पयामि श्रीसन्तोषीमात्रे नमः ।

यसपछि आरती गर्ने-

❖ आरार्त्रिक्यम्

ॐ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देव्या आरात्रिकम् (आरती संस्कृत)

प्रवरातीरनिवासिनि निगमप्रतिपाद्ये
पारावारविहारिणि नारायणि हृद्ये
प्रपञ्चसारे जगदाधारे श्रीविद्ये
प्रपन्नपालननिरते मुनिवृन्दाराध्ये ॥१॥
जय देवि जय देवि जय मोहनरूपे ।
मामिह जननि समुद्धर पतितं भवकूपे ॥ ध्रुवपदम् ॥
दिव्यसुधाकरवदने कुन्दोज्ज्वलरदने
पदनखनिर्जितमदने मधुकैटभकदने ।
विकसितपङ्कजनयने पन्नगपतिशयने
खगपतिवहने गहने सङ्कटवनदहने ॥ जय देवि० ॥२॥
मञ्जीराङ्किकतचरणे मणिमुक्ताभरणे
कञ्चुकिवस्त्रावरणे वक्त्राम्बुजधरणे ।
शक्रामयभयहरणे भूसुरसुखकरणे
करुणां कुरु मे शरणे गजनक्रोद्धरणे ॥जय देवि०॥३॥
छित्त्वा राहुग्रीवां पासि त्वं विबुधान्
ददासि मृत्युमनिष्टं पीयूषं विबुधान् ।
विहरसि दानवऋद्धान् समरे संसिद्धान्
मध्वमुनीश्वरवरदे पालय संसिद्धान् ॥जय देवि०॥४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शरणागतिस्तोत्र

न तातो न माता न बन्धुर्न दाता
न पुत्रो न पुत्री न भृत्यो न भर्ता ।
न जाया न विद्या न वृत्तिर्ममैव
गतिस्त्वं गतिस्त्वं त्वमेका भवानि ॥१॥

भवाब्धावपारे महादुःखभीरुः
पपात प्रकामी प्रलोभी प्रमत्तः ।
कुसंसारपाशप्रबद्धः सदाहं । गतिस्त्वं० ॥२॥

न जानामि दानं न च ध्यानयोगं
न जानामि तन्त्रं न च स्तोत्रमन्त्रम् ।
न जानामि पूजां न च न्यासयोगम् । गतिस्त्वं०॥३॥

न जानामि पुण्यं न जानामि तीर्थं
न जानामि मुक्तिं लयं वा कदाचित् ।
न जानामि भक्तिं व्रतं वापि मातर्गतिस्त्वं०॥४॥

कुकर्मी कुसङ्गी कुबुद्धिः कुदासः
कुलाचारहीनः कदाचारलीनः ।
कुदृष्टिः कुवाक्यप्रबन्धः सदाहम् । गतिस्त्वं० ॥५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रजेशं रमेशं महेशं सुरेशं
दिनेशं निशीथेश्वरं वा कदाचित् ।
न जानामि चान्यत् सदाहं शरण्ये ॥ गतिस्त्वं० ॥६॥

विवादे विषादे प्रमादे प्रवासे
जले चानले पर्वते शत्रुमध्ये ।
अरण्ये शरण्ये सदा मां प्रपाहि । गतिस्त्वं० ॥७॥

अनाथो दरिद्रो जरारोगयुक्तो
महाक्षीणदीनः सदा जाड्यवक्त्रः ।
विपत्तौ प्रविष्टः प्रणष्टः सदाहं । गतिस्त्वं० ॥८॥

॥ इति श्रीमच्छङ्कराचार्यकृतं भवान्यष्टकं सम्पूर्णम् ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीसन्तोषीमातृगायत्री

ॐ सन्तोषीमात्रे विद्महे
विराट्स्वरूपिण्यै धीमहि
तन्नो लक्ष्मीः प्रचोदयात् ।

यो मन्त्र प्रतिदिन १०८ या ११०० पटक जप्नु पर्दछ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्री संतोषी माताजी की आरती (हिन्दी)

जय सन्तोषी माता जय सन्तोषी माता ।
अपने सेवक जन को सुख सम्पति दाता । जय
सुन्दर चीर सुनहरी माँ धारण कीन्हो ।
हीरा पन्ना दमके तन सिंगार लीन्हों । जय
गेरू लाल छटा छवि बदन कमल सोहे ।
मन्द हसत करूणामयी त्रिभुवनमन मोहे । जय
स्वर्ण सिंहासन बैठी चंवर ढुरें प्यारे ।
धूप दीप मधु मेवा भोग घर न्यारे । जय
गुड और चना परमप्रिय तामे संतोष कियो ।
सन्तोषी कहलाई भक्तन विभव दियो । जय
शुक्रवार प्रिय मानत आज दिवस सोही ।
भक्त मण्डली छाई कथा सुनत मोही । जय
मन्दिर जगमग ज्योति मंगल ध्वनि छाई ।
विनय करें हम बालक चरनन सिर नाई । जय
भक्ति भाव मय पूजा अंगीकृत कीजै ।
जो मन बसै हमारे इच्छा फल दीजै । जय
दुःखी दरिद्री रोगी संकट मुक्त किए ।
बहु धनधान्य भरे घर सुख सौभाग्य दिए । जय
ध्यान धरो जिस-जनने तेरो मनवाँछित फल पायो ।
पूजा कथा श्रवण कर उर आनन्द आयो । जय
शरण गहे की लज्जा राखियो जगदम्बे ।
संकट तू ही निवारे दयामयी अम्बे । जय
संतोषी मां की आरती जो कोई जन गावे ।
ऋद्धि सिद्धि सुख सम्पत्ति जी भरके पावे । जय

ॐ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीसन्तोषीमाताको आरती (नेपाली)

ॐ जय सन्तोषी माता ! ॐ जय सन्तोषी माता !
आफ्ना सेवक जनमा सुख सम्पती दाता ॥ॐ ज० स०॥
सुनौला सुन्दर स्वच्छ-वस्त्र धारण गर्ने ।
हीरा पन्ना दमकने गहत्ता मन पर्ने ॥ॐ ज० १॥
स्वर्णासनमा विराजिएकी चामर हवा रुचिएकी ।
धूप दीप मीठा मसला मनभोग धरे खुशिएकी ॥ॐ ज० २॥
सक्खर चना परम-प्रिय उसमै सन्तोष लिने ।
सन्तोषी माता कहलाई सम्पति अरुकन धेर दिने ॥ॐ ज० ३॥
शुक्रवार प्रिय मानने आज छ दिन सोही ।
भक्तजन कथा कहन्छन् सुन्छन् सबजन मोही ॥ॐ ज० ४॥
भक्ति भावमय पूजा अङ्गीकृत गरनोस् ।
मनमा बसेर मेरो इच्छा-फल दिनुहोस् ॥ॐ ज० ५॥
रोगी दुःखी जनको संकट मुक्त गरी ।
सुख सौभाग्य दिनोस् मेरो घरमा धन-धान्य भरी ॥ॐ ज० ६॥
प्रभुका भक्त सबैले मनवाञ्छित फल पाए ।
पूजा कथा श्रवण गरी आनन्द घर आए ॥ॐ ज० ७॥
शरण छु सदा दया राख जगदम्बे !
संकट तिमी नै टारिद्यौ दयामयि अम्बे ! ॥ॐ ज० ८॥
शरणागत छु जगदम्बे ! सधैं शरणमा लिनुहोस् ।
यही प्रार्थना छ सधैँ कृपादृष्टि दिनुहोस् ॥ॐ ज० ९॥
सन्तोषी माताको आरती जो कोही जन गाओस् ।
ऋद्धि सिद्धि संपत्ति सब चाहे-जति पाओस् ॥ॐ ज० १०॥

ॐ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्री सन्तोषीमाताले माता देवमायालाई भन्नुभएको वाणी, जसलाई माता देवमायाकै हस्ताक्षरमा राखिएको छ -

दुर्गा माताको रूप नै सन्तोषी
हो भगवानको कुल देवता भएँ हो। मेरो
रूप पनि धेरै छ को कसले वर्णन गर्न सक्दै-
नन्। म बाला कन्याको रूप मा प्रकट
भै सारा भगवानको प्रत्येक रूपमा एक एक
नाम दिइ अरु रूपमा परिवर्तन भै सारा
काम सम्पन्न गर्नको लागी म त्यसरी (
प्रत्येक रूपमा मेरा पीठ ६८६८ पनि छन्
भन्दै भए पनि मेरो शाम्बी पीठ यो
हो। सन्तोषी मा कल्याणमती पीठ
गुहेश्वरी र अन्न पुर्ण पनि बाबाधाम
हो।

मूल्य : १११/-

9 789937 227100

Jayatu Sanskritam, Kathmandu, Nepal